चारआँठे चुल्ठो

कथासङ्ग्रह



गंगा पौडेल

Digitized By:

साझा शिक्षा ई-पाटी
OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org

चारआँठे चुल्ठो

(कथासङ्ग्रह)

गङ्गा पौडेल

प्रकाशक

गुञ्जन

कृति : चारआँठे चुल्ठो

विधा : कथासङ्ग्रह

कथाकार : गङ्गा पौडेल

सार्वधिकार : लेखकमा सुरक्षित

प्रकाशक : गुञ्जन

आवरण र भित्रीचित्र : उमेशचन्द्र अधिकारी

प्रथम संस्करण : २०६७

प्रकाशन प्रति : १००१

कम्प्युटर लेआउट : बाइनरी कम्प्युटर्स, चाबहिल, ९८४१८१२५३०

मूल्य : रू. १२५।-

ISBN - 978-9937-2-2034-7

प्रकाशकीय

स्रष्टादेखि स्रष्टासम्म सम्पर्कको निरन्तरता र सृजनामा जीवन्तताको उद्देश्य लिई २०४५ सालमा नारी साहित्यकारहरूद्वारा स्थापित यस साहित्य संस्था गुञ्जनले सहयोग पुऱ्याउनुमा आफ्नो दायित्व सम्झन्छ ।

यसै सन्दर्भमा बाल साहित्यलेखनमा समेत चर्चित भइसकेकी स्रष्टा गंगा पौडेलले पाँचवटा आफ्ना कृतिहरूलाई सार्वजनिक गरिसकेकी छन् र यो छैटौँ कृति 'चारआँठे चुल्ठो' कथासङ्ग्रहको प्रकाशन गर्ने शुभ अवसर गुञ्जनलाई प्राप्त भएकोमा यो संस्था ज्यादै हर्षित भएको छ र स्रष्टाको यस संस्थाप्रति रहेको विश्वासको सम्मान हामी गर्दछौँ ।

नौवटा कथाहरू सङ्कलित यस कथामालाको प्रत्येक कथाको रचना-आधार नेपालभित्रकै विभिन्न ठाउँहरूको जनजीवनको अवस्थालाई लिइएको छ । नारी शिक्षा उन्नतिको लागि कति आवश्यक छ भन्ने सन्देश गंगाले यी कथाहरूमा प्रवाह गरेकी छन् भने समाजभित्रको स्थितिमा चल्न थालेको मौन सङ्घर्ष र उपलब्धिको बारेमा पनि समेटेकी छिन् । समाजसेवाको महत्त्वतर्फ जनभावनालाई आकर्षित पार्दै यस सेवालाई प्रोत्साहित पार्ने प्रयास पनि सन्देशमूलक अभिव्यक्तिबाट दिएकी छन् भने वृद्धाहरूको मनोदशाको वर्णन गर्दै उनीहरूले चाहेको शान्ति र सुखमय जीवन उनीहरूकै उमेरसमूहका मानिसहरूसँग रहँदा प्राप्त गर्न सक्छन्, जुन वृद्धाश्रम या वृद्धा डे केयारमा हुन सक्छ भन्ने उपाय व्यक्त गरी बूढाबूढीलाई र अन्य परिवारका सदस्यहरूलाई मानसिक चिन्ताबाट मुक्त हुनसक्ने उपायको जानकारी दिएकी छन् । स्वाभिमानी जीवनको आनन्द उत्तम आनन्द हो, जुन आत्मबलको सुरक्षाबाट मात्र प्राप्त हुन सक्छ । यसैले आफ्नो शरीरको कुनै भाग कमजोर छ भने पनि

आफ्नो भावनालाई दबाएर आत्मबललाई घटाउनुपर्दैन किनकि हरेक परिआउने अवस्थासँग कामकाजले जुधी विजयी हुनसक्ने सुहाउँदा उपायहरू पनि यसमा प्रशस्त पाइन्छन् । यसबाट छानेर उपायहरूको प्रयोग गर्नु नै सफलता प्राप्त गर्नु हो भन्ने तर्क यी कथाहरूमा देखाएकी छन् । यी कथाहरूमा मुख्य पात्र नारीमात्र भएकाले नारी समस्याहरू र मनोभाव जतातै छरिएका छन् ।

विद्रोहरहित प्रक्रियाबाट गतिमय जीवनमा शिक्षा र कर्मप्रतिको लगनशीलताले ल्याउन सक्ने परिवर्तनलाई उद्देश्यमूलक बनाई प्रस्तुत गरेका यी कथाहरूले बाल र किशोर कथाहरूबाट उकालो लाग्न थालिसकेका छन् र आजको आवश्यकता शान्ति र शान्तिले डोऱ्याउने परिवर्तन नै रहेकाले सामाजिक सेवाको भावनाले नै यसमा राम्रो भूमिका खेलन सक्छ भन्नेतर्फ गंगाको कलमले गति समातिसकेकाले हामी यसमा विश्वस्त छौं । गंगाको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्दै अब निस्कने नयाँ कृतिहरू पढ्न हामी प्रतीक्षारत छौं ।

अन्तमा यो पुस्तक प्रकाशनको जिम्मा गुञ्जनलाई दिएकोमा लेखिकालाई धन्यवाद ।

गीताकेशरी
अध्यक्ष, गुञ्जन

गङ्गा पौडेलको चारआँठे चुल्ठो बाट्दा

रामप्रसाद पन्त

कथा पुरानो विधा हो, मानव सभ्याताको प्रारम्भदेखि नै चलिआएको । पूर्वीय साहित्यको प्राचीन ग्रन्थ वेदमा पनि कथाको बीज पाइन्छ । यसैगरी पाश्चात्य जगत्का आदिम ग्रन्थहरू पनि कथाकै उत्पत्तिस्थल हुन् भन्न सकिन्छ ।

नेपाली साहित्यमा कथाको इतिहास भने त्यति लामो छैन, करीब डेढसय वर्षअघिको । त्यसभन्दा अघिका कथा र आजका कथाहरूको स्वरूप, लेखनशैली र वाचनप्रक्रिया नितान्त फरक छ । एकादेशका कथाबाट थालनी भएको कथायुगले आजसम्म आउँदा लामो फड्को मारिसकेको छ । आजका कथाहरू सामाजिक विकृति, विसङ्गति, दुःख, वेदना र पीडाका पाटाहरूलाई औल्याउँदै समाजमा चेतना फैलाउन उद्यत रहन्छन् । केही देखेका, केही भोगेका, केही सुनेका र केही काल्पनिक कुराहरूलाई एक ठाउँमा बुनेर कथालाई पूर्णरूप दिने पद्धति निर्माण गरिएको छ आजका कथाकारहरूबाट ।

कथा काल्पनिक भइकन पनि सत्यको धरातलमा उभिएको हुनुपर्दछ । कथाको गुण सधैं सत्यको नजिक हुन्छ र त्यो सधैं सत्य र तथ्यको परिपूरक हुन्छ । कथा पढ्दा पाठक यस्तो अनुभव गर्दछ कि म पनि घटनाको एउटा पात्र हुँ र मैले कथा पढिरहेको छैन, अपितु भोगिरहेको छु ।

पुरूष सत्ताले जरो गाडेको वर्तमान सामाजिक संरचनामा नारी लेखिकाहरूको उदय हुनु आफैमा उत्साह योग्य कुरा हो । पिछडिएको र दबिएको नारीसमाजमा थिचिएका, पिसिएका वर्गका अन्तरपीडाहरू व्यक्त गर्न सकिएमा त्यो बढी प्रभावकारी हुन्छ । पहिलो कुरा, नारी भएर जन्मनु र त्यसमा पनि शारीरिक कमजोरीको शिकार बन्नु, यसले नारी हृदयमा कति चोट पर्छ होला ! यी कठिनाइहरू हुँदाहुँदै पनि प्रवल जिजीविषा र दरिलो आश्रय पाएका कारण लेखिका जीवनको गतिमा तेर्सिएका तगाराहरूलाई पन्छाउँदै अगाडि बढ्न सफल भएकी छन् । यसै प्रवल इच्छाशक्तिले उनलाई जीवनको लक्ष्यभेदन गर्न र बहुआयामिक बन्दै अगाडि बढ्न सहयोग पुग्यो । मलाई लाग्छ, उनको परिश्रम र लगनशीलता नै यो अवस्थासम्म आउन सक्नुको परिणाम हो ।

कथामा चुम्बकीय गुण हुनुपर्दछ । कथामा वर्णित त्यस घटनाले पाठकलाई यसरी तानोस् कि अन्त्य नभेट्दासम्म छाड्दै नछाडोस् । उसले सारा संसार भुलोस् र अन्तमा पुगेपछि बिजुलीको करेन्ट लागेजस्तो झट्का लागेर उसको जीउ झननन होस् । पाठक सोच्न बाध्य बनोस् कि, के यस्तो घटना घट्न सक्छ ? के यस्तो पनि हुन सम्भव छ ?

यसको अर्थ हो, कथामा कुतूहलता हुनु जरूरी छ । कथा पढ्दा भावी घटनाप्रति जिज्ञासा उत्पन्न हुनुपर्दछ । अब के हुन्छ ? घटनाले कुन रूप लिन्छ ? अथवा परिणाम अड्कल काट्न सकियोस् वा अड्कलको विपरीत परिणाम निस्कियोस् । हो, सम्वेदनाको प्रगाढता, मार्मिक कौतुहल र रोचक प्रस्तुति नै कथाका गुण हुन् । कथाको अन्तरवस्तुलाई आफ्ना अनुभूतिसँग मिश्रण गरेर प्रस्तुत गरिएको कथा यथार्थमा रोचक हुन्छ ।

प्रत्येक मानवप्राणीमा प्रतिभाको अंश विद्यमान हुन्छ, तर त्यो प्रतिभा स्फुरण हुन समय र अवसर पर्खनुपर्दछ । त्यो अवसर कसैले प्राप्त गर्न पनि सक्छन्, कसैले सक्तैनन् । प्रतिभाका प्रकारहरू बेग्लाबेग्लै हुन सक्छन्- साहित्य, कला, नाट्य, गायन आदि । समय र अवसर पाउन नसकेका त्यस्ता प्रतिभावान् व्यक्तिहरू कति होलान् गाउँ घरमा ! तर सबैको प्रतिभा स्फुटन हुन सम्भव छैन । महाकवि देवकोटाले भनेजस्तै 'कति सेक्सपियरहरू गाउँ घरमा भेडा बाखा चराउँदै होलान् !'

गङ्गा पौडेल स्याङ्जाको दार्सिङ, दहथुमजस्तो दुर्गम गाउँमा जन्मेकी एउटी महिला मानिस । पढ्ने अवसर पाइन् र त पोखरा झरिन् । छोरीलाई पनि पढाउनुपर्छ भन्ने चेतना भएका बाबुआमा भएरै त स्नातकसम्म पढिन् । स्नातकसम्म पढ्न सकेकै कारण त उनीभित्रको प्रतिभा स्फुरण भयो । अनि पो कविता लेख्न थालिन् र प्रकाशित गरिन् बाईस वर्षकै उमेरमा 'गङ्गाका छालहरू' ।

तर हराइन् पूरै ३० वर्ष कविता लेखनबाट /साहित्यबाट/साहित्यिक समाजबाट । कारण के पऱ्यो त्यस्तो हराउनै पर्ने ? कारण स्पष्ट छ, उनी नारी थिइन् । अरू नारीसरह सामाजिक बन्धनमा बाँधिइन् । मातृधर्म निर्वाह गरिन् । वंशवृद्धिको अभिभारा पूरा गरिन् । सन्तान हुर्काइन्, पढाइन् र आफ्नै खुट्टामा उभ्याउनेसम्मको उत्तरदायित्व वहन गरिन् । यति गर्दासम्म उनका ३० वर्ष स्वात्तै बिते ।

एउटा कर्तव्यशील मानिसका लागि कम होइन तीनदशक । बाइस वर्षदेखि त्रिपन्न वर्षसम्मको समय सृजनशील मानिसको लागि अत्यन्त उर्वर समय हो । लक्ष्मीप्रसाद देवकोटाका रचनाहरू पच्चिसदेखि पचास वर्षसम्मका उपज हुन् । उनी यति नै अवधिभित्र महाकवि भएका हुन् ।

गङ्गा पौडेलका बारेमा हामी कल्पना गर्न सक्छौं: उनी नारी नभएर पुरूष भएको भए, गाउँमा नजन्मेर शहरमा जन्मेको भए, बिहान बेलुका हात जोड्ने पिरलोबाट छुट्कारा पाउन सकेको भए र शारीरिक अङ्गहरू सवल भइदिएको भए उनले तीस वर्षको एउटा मानवीय युगमा के के गर्थिन् होला ?

अझ पनि हामीले गौरव गर्नुपर्ने एउटा पक्ष छ, उनका जीवनसाथीले अवलम्बन गरेको पत्निप्रतिको हार्दिकता, पूर्णसाथ, सहकार्य र संलग्नता । एउटा संयोग, गङ्गाको भाग्यको उदय, माया दिने सज्जन पत्नीभक्त पति हेम पौडेल । पतिभक्तिको कुरा गर्छौं हामी, पत्नीभक्तिको कुरा गर्दैनौं । यो हाम्रो पुरूषप्रधान समाजले दिएको गलत शिक्षा हो । हामीले पत्नीलाई सदाचारी, पतिव्रता भएको देख्न चाहन्छौं भने पति पनि सत्विवेकी र पत्नीव्रत हुनैपर्छ । तबमात्र असल परिवार र समृद्ध समाजको कल्पना गर्न सकिन्छ ।

वास्तवमा सृजनशील व्यक्तिमा संवेदना हुन्छ नै । संवेदनाबाट भावनाको उदय हुन्छ र सृजना स्फुरण हुन्छ । यो शाश्वत् सत्य हो । पति हेम पौडेल एउटा असल कलाकार । पङ्क्षीका भावनासमेत बुझेर तदनुरूप कला कोर्ने संवेदनशील व्यक्ति नभइदिएको भए सायद गङ्गामा साहित्यिक भावना पलाउने थिएन र पलाइहालेको भए पनि टुँसाउने अवसर नपाई भित्रभित्रै ओइलाउने थियो होला ! तर त्यसो भएन । गङ्गाले एउटा असल जीवनसाथी पाइन् र यहाँसम्म आउन सफल भइन् ।

'गङ्गाका केही छालहरू' कवितासङ्ग्रह लिएर २०३३ सालमा उदाएकी गङ्गा सेती गङ्गाजस्तै तीस वर्षसम्म भारिएर (हराएर) एक्कासी २०६३ सालमा 'आँधीखोलाको सम्झना' (कवितासङ्ग्रह २०६३) लिएर उदाइन् । त्यसपछि उनले 'ओजु र डाँफे' (बालकाव्य २०६४), 'धौली आमा' (बालकाव्य २०६५), 'पञ्चबलि' (बालउपन्यास २०६६), समेत प्रकाशित गरिन् । प्रस्तुत कथासङ्ग्रह 'चारआँठे चुल्ठो' सहित उनका कृतिहरूको सङ्ख्या आधा दर्जन पुगिसकेको छ । फुटकर रचनाहरूको कुरा गर्ने हो भने उनका विविध

रचनाहरू मधुपर्क, गरिमा, मुना, दायित्व, अभिनव आदि पत्रिकाहरूमा छरिएका छन् ।

यसअघि कवितासङ्ग्रह तथा बालकाव्य/उपन्यासमा अल्झिएकी गङ्गाले आफ्नो लेखनलाई परिस्कृत र परिमार्जित गर्दै कथासङ्ग्रहको प्रकाशन गर्न पुगेकी छन् । यो उनको अत्यन्त उज्यालो पक्ष हो भन्ने मलाई लागेको छ । यसपछि उनका बालकथा, बालचित्रकथा, बालगीत, बालकविता, बालकाव्य र व्यङ्ग्यकविता आदिका एकदर्जनभन्दा बढी कृतिहरू प्रकाशनका लागि प्रेस जान लस्कर लागेका छन् ।

गङ्गा पौडेलको सेवा बहुआयामिक छ । उनको अर्को पाटो हो समाजसेवा, शैक्षिकसेवा र धर्म-कर्मप्रति संलग्नता । उनी साहित्यिक, सामाजिक, शैक्षिक एवम् धार्मिकसमेत गरी करिब एकदर्जन संस्थासँग आवद्ध छिन् । उनले पूर्णलाल- कृष्णदेवी कर्माचार्य स्मृति अक्षयकोष, हेम- गङ्गा युवाकला प्रतिभा पुरस्कार र हेम-गङ्गा अपाङ्ग प्रतिभा पुरस्कारको स्थापना गरेर अत्यन्त प्रशंसनीय काम गरेकी छन् ।

हाल उनको पूर्णकालीन सेवा भनेको सामाजिक सेवा नै हो । उनी २०३७ सालदेखि हालसम्म नेपाल कुष्ठरोग निवारण संघद्वारा संचालित शान्ति बालिका छात्रावास मण्डिखाटारमा होस्टल इन्चार्जको रूपमा सेवा गरिरहेकी छन् । शारीरिक कमजोरीका बाबजुत पनि उनी यति व्यस्त छिन् कि काम गरेर र खाली समयमा साहित्य लेखेर उनलाई फुर्सद छैन । उनको भनाई छ - 'समय कम छ, कति छिटो दिन जान्छ र साँझ पर्छ, पत्तै हुँदैन । गृहस्थी, कर्मचारी, समाजसेवा र संघसंस्थाका कामहरूमा आफूलाई बाँडेर भ्याउदिनँ । समय पुगेको छैन मलाई ।' साहित्यबारे उनको अलग्गै धारणा छ- 'मैले साहित्यबाट धेरै पाएकी छु- कलाकार हेम पौडेलसँग सम्बन्ध गाँस्ने माध्यम पनि साहित्य नै हो । तर साहित्यका लागि जति दिनुपर्ने योगदान दिन सकेकी छैनँ ।'

प्रस्तुत कथासङ्ग्रहमा नौवटा कथाहरू समाविष्ट छन् । जसमध्ये किताबको शीर्षकसमेत दिइएको पहिलो कथा हो- 'चारआँठे चुल्ठो' । बर्माबाट आएर भौरहवा बस्नेहरूको एउटा टोलै बनेको छ- बर्मेली टोल । त्यसै टोलमा बसेकी बर्मेली आमाकी छोरी हीरा 'म' पात्रकी बालसखी । सानीछँदा चारआँठे चुल्ठो बाटिदिने आमा । ती आमा, छोराहरू विदेशतिर लागेपछि र छोरी पनि

बैककी जागिरे भइसकेपछि श्रीमान्को देहावसान भइसकेको अवस्थामा एक्लै बसिरहनुपर्दा मनस्थिति बिग्रन थाल्छ । मानिसहरू भेट्न आउँदा पनि घरायसी कुरा गरी घरपरिवारमै नराम्रो स्थिति ल्याउन थालेपछि आमालाई घरमा थुनेर बाहिर निस्कन बाध्य हुन्छिन् छोरी हीरा । यो थाहा पाएर 'म' पात्रको कुरा हुन्छ हीरासँग । सल्लाहअनुसार मातापिता सदन सिफलको डेकेयरसेन्टरमा दिनभरी राख्ने गरिन्छ वृद्धा आमालाई । समूहमा बस्दा उनको मनस्थितिमा सुधार हुन थाल्छ । यसरी वृद्ध जीवनमा एक्लोपनले नकारात्मक सोच र गलत विचार जन्माउँछ भन्ने कुराको सन्देश यस कथाले दिन्छ । यो मनोवैज्ञानिक कथा हो ।

दोस्रो कथा हो 'स्वाभिमान' । नेपाल कलापरिषद्मा प्रदर्शित 'वातावरणमा चराहरू' हेरेर बाहिर निस्केपछि फुटपाथमा नाङ्लो पसल थापेर बसेकी एउटी महिलासँग एकैचोटी चारमाना बदम किन्छिन् 'म' पात्रले । दाहिने हात नचल्ने र खुट्टा पनि खोच्याउने ती महिलालाई देखेपछि संवाद शुरू हुन्छ । थाहा लाग्छ- स्याङ्जामा जन्मेर विवाह बन्धनमा बाँधिएकी ती महिला केही वर्षअघि रूखबाट खस्छिन् र अपाङ्ग हुन्छिन् । लोग्नेले कान्छी स्वास्नी भित्र्याउँछ । त्यसपछि सौताको बुहार्तन सहन नसकेर पाँचवर्षे छोरी बोकी परिछिन् काठमाडौ । श्रवण बाबुले सहयोग गर्छन् उनलाई र नाङ्लो पसल राखेर गुजारा चलाउँछिन् । यति हुँदाहुँदै पनि उनले लोग्नेप्रति मायाप्रेम देखाइरहन्छिन् । लोग्नेको गल्ती ढाकछोप गर्दै भन्छिन्- 'आमाको करले अर्की विवाह गर्न बाध्य भएका हुन् उनी । घरमा कान्छीबाट माया पाउन सकेका छैनन् भन्ने सुन्दैछु म । उनले माने भने काठमाडौ बोलाएर सँगै राख्छु र एउटा किराना पसल खोल्छु ।' यसरी यस कथाले लोग्नेबाट स्वास्नीमाथि जति अत्याचार भए पनि पति परमेश्वर मान्ने हाम्रो हिन्दू संस्कार र परम्परालाई पछ्याउन खोजेको देखिन्छ ।

तेस्रो कथा हो- 'दशैं' । दशैंले छुनेबित्तिकै सुपरमार्केट गएर मन चाहेको कुरा किनिदिनुपर्ने छोराछोरीको कचकच, कम्तीमा एउटा साडी र शृङ्गार-पटारका सामानहरू किनिदिनुपर्ने श्रीमतीको माग र एउटा घच्चीको खसी किन्नुपर्ने साथीभाइहरूको सल्लाह । एउटा घरमूलिले प्रायः भोगिरहने घटना हुन् यी । यस्तै दवाव आएको छ वरूणलाई पनि । तर उनी अरू भाइहरूजस्तो व्यापारी, उद्योगपति होइनन् । एउटा सामान्य जागिरे । जेसुकै भए पनि घरमा वृद्ध माता भएको नाताले बूढो घरको जिम्मेवारी वहन

नगरिहुँदैन उनलाई । टीकाको सामान्य व्यवस्था मिलाउँछन् उनले । तर दाजुभाइ र उनका सन्तानहरूबाट भएको घोचपेच असह्य हुन्छ उनलाई । तिनै व्यक्ति आमा बिरामी भएर अस्पताल बस्दा भेट्नसम्म जाँदैनन्, तर दशैंमा भनेअनुसार खाने कुरा खान नपाउँदा व्यङ्ग गर्छन् । यस प्रकारको सामाजिक विकृति र विसङ्गतिलाई औल्याउन खोजिएको छ यस कथामा ।

चौथो कथा हो- 'सम्मान' । एउटा मूल्याङ्कन संस्थाले वर्डट्रेड सेन्टरमा समाजसेवी साधुरामको सम्मान कार्यक्रम राखेको छ । साधुरामले स्वास्थ्य, शिक्षा, बाटोघाटोलगायतका थुप्रै कार्यहरूमा सहयोग पुऱ्याएको आयोजक संस्थाको भनाइ छ । भव्यतासाथ सम्मान कार्यक्रम सम्पन्न हुन्छ । तर वर्षदिन बित्न नपाउँदै त्यही संस्थाले साधुरामलाई बेइमान र ठगको संज्ञा दिन्छ । 'एक लाख दिन्छु भनेर सम्मान कार्यक्रम गर्न लगाएको, तर पचास हजारमात्र दिएर बाँकि दिएन । मान्छे ओसार्न प्रयोग भएको बस भाडालगायत अरू थुप्रै उघारो तिर्न बाँकी नै छ ।' यसरी यस कथाले यदाकदा सुन्नमा आउने केही विवादित संस्था र व्यक्तिहरूप्रति चोटिलो व्यङ्ग्य प्रहार गरेको छ ।

पाँचौ कथा हो- 'कथाभित्रको कथा' । 'म' पात्रकी बाल्यकालकी मिल्ने साथी गोमा । दुवैको सँगसँगैजसो विवाह हुन्छ । म पात्रको लोग्ने, नामले धनबहादुर भए पनि गरीब हुन्छ । रक्सी खाएर घर आउने, मूढो ढलेझैं ढल्ने र बिहान उठेपछि लुरूक्क हिंड्ने । पछि पो थाहा हुन्छ, उसले बेइमानी गरेको रहेछ । उसकी अर्की स्वास्नी र छोराछोरीसमेत रहेछन्, अनि म पात्रका सङ्घर्षका दिन शुरू हुन्छन् । डेढवर्षको छोरा साथमा लिएर छुट्टिएर बस्छिन् गोमा । रेडिमेट पसल खोल्छिन् । सँगसँगै आइमकसम्म पढ्छिन् । बैकबाट ऋण लिएर चाउचाउ फ्याक्ट्री खोल्छिन् । छोरालाई अमेरिकाबाट उच्चशिक्षा हासिल गराउँछिन् । यसैबीच लोग्ने रक्सीको कारण मुटु/कलेजो रोगबाट पीडित हुन्छ । उसलाई भारतको एपोलो अस्पताल लगेर उपचार गराउछिन् । तर फर्किएर एयरपोर्टमा ओर्लेपछि ऊ जेठी स्वास्नीको दवावमा उसकै घरतिर लाग्छ ।

उता बालसखी गोमालाई भेट्न 'म' पात्र कुभिन्डेझ्याङ् पुग्छिन् । दयनीय हुन्छ उसको अवस्था । लोग्ने ज्यादै सोझो भएका कारण उसका दाजुभाइले जग्गा जमिन हड्पिदिन्छन् । विदेश गएर पनि पैसा कमाउन सक्तैन उसले । यसरी यस कथामा एउटा लोग्ने बेइमान भएर र अर्को लोग्ने

सोझो भएर उनीहरूका स्वास्नीले दुःख पाएको घटनालाई प्रस्तुत गरेर आफ्नो कथाभित्र गोमाको अर्को कथा जोडिएको छ । यसबाट के बुझ्न सकिन्छ भने बेइमान हुनु र धोका दिनु पनि सामाजिक कलङ्क हो र ज्यादै सोझो हुनु पनि वर्तमान समाजमा जिउन कठिन हुने कटु यथार्थ हो ।

छैठौं कथा हो- 'तृप्ति' । हेटौंडाको साहिँला कामीका छ छोरीमध्ये माइँली छोरी सेती । ऊ अपाङ्ग । दुवै खुट्टा लुला । अरू बहिनीहरूको विवाह हुन्छ, सेतीको हुन सक्तैन । आमा पनि उमेर छँदै मर्छिन् । बाबुले उसलाई बोकेर काठमाडौ ल्याउँछन् तर अपाङ्ग संस्थामा राख्न पनि सोर्स फोर्स लगाउनुपर्ने अवस्थाले दिक्क भएर त्रिपुरेश्वरको फुटपाथमा रात बिताउँछन् । छोरी नदाएको बेला पारेर छोरीलाई त्यसै अलपत्र छाडी उनी त्यहाँबाट हिँड्छन् । बिहान प्रहरीले सेतीलाई भेट्छ र अपाङ्ग संस्था पुऱ्याउँछ ।

अर्को रामेछापको रामबहादुर, यातायातमा काम गर्दा एकदिन दुर्घटनामा परेर दुवै खुट्टा गुमाउन बाध्य हुन्छ । र, वीर अस्पतालका डाक्टरहरूको सिफारिसमा अपाङ्ग संस्थामा भर्ना हुन्छ । सेती र मानबहादुर बस्ने एउटै संस्था भएकोले बस्दाबस्दै दुवैबीच गहीरो प्रेम हुन्छ । दुवैले हेराहेर गरेर मानसिक तृप्ति लिन्छन् । यसरी यस कथाले जुनसुकै मानवमा पनि संवेदना र भावना हुन्छ र उसले हेरेर, भोगेर वा स्पर्श गरेर पनि प्रेमको तृप्ति लिन्छ । प्रेम मानवीय गुण हो भन्ने सन्देश दिन खोजेको छ यस कथाले ।

'अहङ्कार'- सातौं कथा हो । धनमायाले बुहारी अञ्जुलाई ज्यादै माया गर्छिन् । एसएलसी पास गरेर भित्र्याएकी बुहारीलाई बीकमसम्म पढाउँछिन् । र, अन्ततः अञ्जु राष्ट्र बैंकको अधिकृत हुन्छिन् । खरिदारदेखि जागिर शुरू गरेको छोरा जनक पनि एमकमसम्मको पढाइ सकेर अन्तःशुल्कको जागिरे हुनपुग्छ । थुप्रै दुःख कष्ट सहेर छोराबुहारीलाई उच्च तहसम्म पुऱ्याउन सफल भएकोमा धनमाया अत्यन्त खुसी हुन्छिन् । पहिलो दिन अफिस जाँदा बुहारीलाई टीका लगाइदिएर दही खुवाउन चाहन्छिन् सासुले । तर बुहारीले दशैंको टीकाजत्रो अक्षता थोपरेर अफिस जाँदा राम्रो नदेखिने र दही खाँदा लिपिस्टिक बिग्रने अर्चन देखाएर अपमान गर्छिन् सासुको । एक दिन छुट्टीको अवसर पारेर बुहारीले पार्टी दिन्छिन् घरमा । अतिथिहरूलाई मीठो खाना बनाएर खुवाउँछिन् सासुले । तर साथीहरूले 'तिमीले त काम गर्ने राम्रो मान्छे पाएकी रहिछ्यौ' भन्दा पनि सासुको परिचय दिन्निन् बुहारीले ।

धनमायाले आफ्नो पीर-व्यथा मनमै राखेर दिन बिताउँदै जान्छिन् । छोराबुहारीलाई मीठो खाना खुवाएर अफिस पठाउँदै गर्छिन् । तर मानिसको शरीर सधैं एकनास रहँदैन । उनी असक्त बन्दै जान्छिन् । पालिराखेको गाईले पनि स्याहार नपाएर दूध दिन छाड्छ । बूढो हुन्छ र मर्छ । सासु बिरामी पर्छिन् । बुहारीले वास्ता गर्दिनन् । बिस्तार बिस्तारै घर खर्चका लागि पनि पैसा नदिएर बैकमा पैसा राख्न थाल्छन् छोराबुहारीले । दिक्क मानेर एक दिन धनमाया पशुपति जान घरबाट निस्कन्छिन् । धोबीखोलाको पुलमा पुग्दा बेहोस भएर लड्छिन् । पुलिसले उठाएर अस्पताल पुऱ्याउँछ । होसमा आएपछि सोध्दा उनी भन्छिन्- 'मेरो कोही छैन ।' त्यसपछि पुलिसले उनलाई कालिमाटी वृद्धाश्रम पुऱ्याउँछ । पछि छोराबुहारीले पत्तो लगाएर लिन पुग्छन् आमालाई । तर धनमाया भन्छिन्- 'म जान्न, तिमीहरू खुसी रहो, मेरो त जहाँ बस्यो त्यही घर, जसले माया दियो त्यही आफन्त ।'

यस कथाले बगेको पानीजस्तै माया उघोतिरमात्र बग्छ भन्ने देखाउँछ । तर कथाले भविष्य के सङ्केत गरिरहेको छ भने अग्रजप्रति सम्मान दिन नसक्दा उनीहरूको आँसुले सन्ततिलाई पोल्छ र घरमा अनिष्ट भित्रिन्छ । अर्थात् बुहारीले अब घरको सबैकाम सकेर, बालबच्चाको आवश्यक व्यवस्था गरेर अफिस जानुपर्ने अवस्था हुन्छ । अहङ्कारले अनिष्ट निम्त्याउँछ भन्ने सन्देश दिन्छ यस कथाले ।

'मौनप्रेमी' कथा आठौं कथा हो । म, अर्थात् वीना डेढ वर्षसम्म अस्पतालमा बस्नुपर्दा निकै भावुक बन्छिन् । कविता लेख्न थाल्छिन् । साहित्यकारहरू पनि भेट्न आउँछन् उनीलाई । डाक्टर पाण्डे साह्रै दयालु छन् उनको हेरविचार गर्ने । एकदिन डा. पाण्डेले वीनाका लागि एकजना तन्नेरी स्वयंसेवक उपस्थित गराउँछन् । त्यो तेजिलो र राम्रो युवक सामु गाउँकी एउटी बाइसवर्षे केटीले आँखा जुधाउन पनि सक्तिनन् । त्यस युवकको काँधमा दुई हातले आड लिएर बगैंचातिर घुम्न निस्कँदा साच्चिकै वीनालाई लज्जाबोध हुन्छ । घर फर्केपछि पनि उनको सहयोगका लागि त्यो युवक सँगसँगै आउँछ । वीना बोलिरहन्छिन्, सहयोग मागिरहन्छिन्, त्यस स्वयंसेवकले भनेअनुसार गरिरहन्छ तर कुनै प्रतिक्रिया जनाउँदैन, केही बोल्दैन, असन्तोष व्यक्त गर्दैन । आज वीना हजुरआमा बन्दा पनि उसको निस्वार्थ प्रेमले साथ दिइरहेको छ । त्यो भलाद्मी मौनप्रेमी हो वैशाखी ।

प्रतीकात्मक रूपमा लेखिएको यो कथा यस सङ्ग्रहको अत्यन्त सफल कथा हो । युवकको उपस्थितिले पाठकको मनमा उत्सुकता जगाउँदछ र अन्तसम्म पुग्दा पनि पाठकले त्यो मौनप्रेमी को होला भन्ने अनुमान गर्न सक्तैन । तर परिणाम निरुकन्छ अनुमानभन्दा एकदमै पृथक् । वास्तवमा कथा हुनुपर्छ यस्तै । कुतूहलता पैदा गर्दै जाओस् कथाले र त्यसको परिणामले पाठकहृदयमा एउटा झड्का देओस् ।

अन्तिम अर्थात् नवौं कथा हो 'आखिर तिनैले जितिन् ।' राङ्खोला बजारका नैना र मैना बालसखी हुन् । मैनाकी आमाले भारतीय पल्टनको धनी लाहुरेसँग मैनाको विवाह गरिदिन्छिन् र नैनाकी आमासँग पनि कुनै लाहुरे केटा खोजेर छोरीको विवाह गरिदिन अनुरोध गर्छिन् । तर नैनाकी आमाले छोरीलाई पढाएपछि मात्र विवाह गरिदिने कुरा उल्लेख गर्छिन् । मैनाको लोग्ने कार्गिलको युद्धमा मारिन्छ । उता नैना भने पढेर डाक्टर हुन्छिन् र श्रीमान् डाक्टर सनमसँग सेतो चिल्लो कार चढेर राङखोला बजार पुग्छिन् । आमाको अस्वस्थता र छोरी मैनाको दयनीय स्थिति देखेर दिगदार हुन्छिन् नैना । उनले मैनासहित उसकी आमालाई काठमाडौमा ल्याएर उपचार गराउँछिन् र आमालाई नाङ्लो पसल राखिदिएर मैनालाई मेडिकेयर अस्पतालमा सरसफाइको काममा भर्ना गराइदिन्छिन् । बाल्यकालका ती दौंतरीमध्ये एउटी हस्पिटलमा बिरामी जाँच्ने र अर्की भुइँ पुछ्ने । यस कथामा छोरी नपढाइकन धनी केटा खोजेर विवाह गरिदिने प्रवृत्तिको हार र पढेर पौरख गर्नेको जीत देखाइएको छ । अर्थात् छोरी पढाउने नैनाकी आमाले जितिन् । पढेर डाक्टर पढ्ने नैनाले जितिन् । आखिर तिनैले जितिन् ।

समग्रमा कथाको शिल्पपक्ष वा कलापक्षलाई गौण राखेर भावनात्मक पक्ष वा कल्पना पक्षलाई हेर्ने हो भने कथाहरू पाठकको मन सहजै छुनसक्ने खालका सम्प्रेषणीय एवम् मर्मस्पर्शी छन् । भाषा अत्यन्त सरल छ । कथाको विषयवस्तु सहजतासाथ सररर बगेको छ ।

कथाकार गङ्गा स्वयम् शारीरिक रूपमा असक्त भएकी र नेपाल कुष्ठरोग निवारण संघद्वारा संचालित शान्ति बालिका छात्रावाससँग आवद्ध भएकी नाताले पनि त्यसैसँग सम्बन्धित पात्र र घटनाक्रमहरूलाई जोडेर कथाको रूप दिएकी छन् । तर उनले आफ्नो परम्परा र संस्कारलाई चटक्कै त्याग्न वा विद्रोह गर्न सकेकी छैनन् । एउटी महिलामाथि अत्याचार र शोषण भइरहँदा

पनि सहेर बस्ने र विनाकारण अन्याय पूर्वक विवाहित पत्नी त्याग्ने स्वार्थी लोग्नेप्रति पनि सहानुभूति छ गङ्गाको । अर्की स्वास्नी ल्याएर बसेको लोग्नेले दुःख पाएको देख्दा त्यसलाई आफूसँगै ल्याएर राख्ने चाहनासमेत छ गङ्गाको । रोगले ग्रस्त लोग्नेलाई आफ्नै खर्चमा विदेशमा लगी उपचार गराएर फर्काएपछि कान्छी स्वास्नीको भनाइमा लागेर एयरपोर्टबाट सीधै सौताको घरतिर जाँदा पनि कुनै प्रतिक्रिया छैन गङ्गालाई ।

यो सबै सहनशीलता गङ्गामा हुनुमा कारण छ । पहिलो कुरा, उनी ममतामयी माता हुन् र अर्को कुरा, उनी समाजसेवी, शान्तिवादी र मानवप्रेमी नारी हुन् । उनको काम मानवसेवा गर्ने हो, मानिसमाथि करूणा र दया वर्षाउने हो अर्थात् उनी विचार पक्षभन्दा हृदयपक्ष प्रवल भएकी नारी हुन् । तसर्थ उनी विद्रोह गरेर समाज अन्दोलित बनाउन चाहन्नन् ।

जीवन र मनस्थितिको सूक्ष्म विश्लेषण गर्दै मनोरञ्जनात्मक एवम् कल्पनात्मक चमत्कारको आश्वासन दिने खालका कथाहरू कथाकारबाट पाउने आशा नेपाली साहित्यका आम पाठकहरूले लिएका छन् । त्यो आशा पूर्ण गर्न सक्नु नै कथा-लेखनको प्रमुख उद्देश्य हुनुपर्दछ र यति भएमा मात्र आम पाठकप्रति न्याय भएको ठहर्छ भने मेरो मत छ ।

गङ्गा पौडेलबाट पहिलो पटकमा नै यति राम्रा कारूणिक कथाहरू आएका छन्, यसले के सङ्केत गर्दछ भने हामी उनीबाट अरू धेरै मीठा र परिष्कारयुक्त कथाहरू पाउन सकौं । उनको लेखनी अझ सशक्त बनोस् । उनको कथा-लेखनको भविष्य उज्ज्वल छ ।

लेखकीय

वास्तवमा आज म धेरै नै खुसी छु । मलाई सिर्जनाको सुखानुभूति प्राप्त हुनुको साथै एउटा छुट्टै प्रकारको आनन्दानुभूति भइरहेको छ । त्यसको श्रेय म सम्पूर्ण साहित्यकार तथा पाठकहरूलाई नै दिन चाहन्छु ।

यो कथा सङ्ग्रहभित्रका नौ वटै कथाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका छन् । कथा पढिदिने पाठकहरूबाट राम्रो सुझावहरू पनि पाएकी थिएँ । त्यसैले छरिएका कथाहरू सङ्कलन गरी पुस्तकाकार दिन मलाई हौसला मिलेको हो ।

आफ्नो अति व्यस्ततालाई पन्छाएर वरिष्ठ साहित्यकार तथा पत्रकार रामप्रसाद पन्तज्यूले यो कथासङ्ग्रहको चारआँठे चुल्ठो सपक्क पारी मिलाएर बाटिदिनुभयो । त्यसमा वरिष्ठ आख्यानकार गीताकेशरीज्यूले सुवासनायुक्त मनका राम्रा फूलहरू सिउरिदिनुभयो र ख्यातिप्राप्त चित्रकार उमेशचन्द्र अधिकारीज्यूका चित्रहरूले कथामा सजीवता भरियो । बाँकी सिँगारपटार अर्जुन नेपालजीबाट सुसम्पन्न भयो । त्यसैले यो पुस्तक मैले सोचेभन्दा बढी सुन्दर हुन सक्यो । उहाँहरूलाई कुन शब्दबाट आभार व्यक्त गरूँ ? यति बेला मैले त्यस्तो कुनै शब्द नै भेटेकी छैन ।

कथालेखनमा सबैभन्दा पहिले मलाई प्रेरित गर्नुहुने वरिष्ठ साहित्यकार तथा नारीस्वर त्रैमासिक पत्रिकाका सम्पादक हिरण्यकुमारी पाठकज्यू, साहित्यिक फाँटबाट हराइरहेको बेला खोजी गर्ने माईती भाइ प्रेम लुइँटेल स्याङ्जा, लेखनमा पुनः सक्रिय गराउने भाइ रमेश शुभेच्छु लुइँटेल पाँचथरप्रति सधैँ मेरो हृदयमा स्थान रहनेछ । जीवनका हरेक पाइलाहरूमा साथ दिनुहुने वरिष्ठ कलाकार (चरा चित्रकार) श्रीमान् हेम पौडेलज्यूमा सदा ऋणी रहनेछु ।

पुस्तक प्रकाशक गुञ्जन, पाण्डुलिपि अध्ययन गरी पहिलो पाठकको रूपमा अमूल्य सुझाव दिनुहुने युवा साहित्यकार मणी लोहनीज्यू, कम्प्युटर टाइप गदिदिने दिनेश पोखेल साथै साहित्यिक लेखनमा निरन्तरताका लागि मद्दत पुऱ्याउने संस्था नागार्जुन साहित्यिक प्रतिष्ठान, सामाखुसी साहित्य समाज, ज्योति साहित्यिक प्रतिष्ठान, अभिनव साहित्य समाज, वैदिक उद्बोधन संघ चाबहिलमा यथायोग्य हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु । अन्तमा यो पुस्तक मेरा प्रेरणाका स्रोत पाठकहरूमा समर्पण गर्न चाहन्छु ।

(नोट : यो पुस्तकभित्रका कथाहरूको पात्रका नाम, घटना र परिवेश बिल्कुलै काल्पनिक हुन् । कसैको जीवनसँग मेल खाएमा संयोग मात्र हुनेछ । त्यसको लागि क्षमाप्रार्थी छु ।)

गंगा पौडेल
कपन-३, शिवपुरी चोक, का.जि., ९८४१५४४०६१

विषयसूची

क्र.स.	शीर्षक	पेज नं.
१.	चारआँठे चुल्ठो	१९
२.	स्वाभिमान	२८
३.	दशैँ	३५
४.	सम्मान	४३
५.	कथाभित्रको कथा	४९
६.	तृप्ति	५७
७.	अहङ्कार	६५
८.	मौनप्रेमी	७३
९.	आखिर तिनैले जितिन्	८२



चारआँठे चुल्ठो

गोंगबुमा भएको हीराको घरमा पुगेपछि म फटाफट भऱ्याङ उक्लेर बरण्डामा पुगें। त्यहाँ यौटी दुब्ली पातली र ख्याउटी वृद्ध महिलालाई भेटें। उहाँ इजार तुर्लुङ-तुर्लुङ झुण्ड्याउँदै एकसरो पेटिकोट भुइँमा लतारेर नाङ्गै खुट्टाले हिँडिरहनुभएको थियो। उहाँको कपाल जिङ्ग्रङ्ग परेको थियो। आँखा पनि भित्र गडेका थिए। यताउता हेर्दै कसैलाई खोजिरहनुभएको झैं देखिन्थ्यो।

मैले उहाँलाई झट्टै चिन्न नसके पनि केहीबेर नियालेर हेरेपछि बर्मेलीआमा (हीराको आमा) उहाँ नै हो भनेर ठम्याएँ। दुई हात जोडेर आमालाई नमस्ते गरें। "अँ अँ को हो ? मैले त चिनिनँ। हीरा पनि घरमा छैन कता गइ कता नानी बस न।" बर्मेली आमाले बरण्डामा राखिएका प्लाष्टिकको कुर्चीतिर इसारा गर्दै भन्नुभयो। म हीराको साथी शशी। हामी सानो छँदा भैरहवाको यौटै स्कूलमा पढ्थ्यौं। तपाईंले हीराको र मेरो कपालमा तोरीको तेल दलेर चारआँठे चुल्ठो टमक्क कसेर बाटिदिनुहुन्थ्यो। हाम्रो चुल्ठो देखेर स्कूलका अरू साथीहरू लोभिन्थे र भन्थे "हामीलाई पनि तिमीहरूको जस्तो चुल्ठो बाट्न सिकाइदेऊ न।"

मैले बाल्यकालका कुरा सम्झाउँदै उहाँलाई आफ्नो परिचय दिएँ। बर्मेली आमाले सम्झने प्रयास गर्नुभयो तर सफल हुनुभएन। "अँ अँ अचेल म जे कुरा पनि भुसुक्कै बिर्सन्छु अँ अँ केही पनि सम्झिन सक्तिनँ। अँ अँ कानको भर छैन। देब्रे त बन्दै भइसक्यो। अँ अँ

आँखा पनि धमिलो देख्छु। अँ अँ हातगोडा पनि करकरती दुख्छ। ढाड पनि दुख्छ। खान पनि पटक्कै मन लाग्दैन। हिँड्न पनि सक्तिनँ। अँ अँ मर्न काल पनि आएन। अँ अँ मैले गर्दा छोरीलाई साह्रै दु:ख भयो। अँ अँ सकैलाई बूढो भएर बाँच्न नपरोस नानी कसैलाई नपरोस्"।

म प्लाष्टिकको कुर्चीमा बसेर अतीतलाई सम्झिन थालँ। स्मृतिका ती पानाहरू एकएक गर्दै पल्टिन थाले। हीराको बुबा आमासहित थुप्रै नेपालीहरू बर्मादेखि आएर भैरहवामा घर बनाउनुभएको थियो। सबैको घर यौटै टोलमा भएकोले त्यो टोलको नामै बर्मेली टोल रहन गयो। हीराको बुबालाई बर्मेली बाबा र आमालाई बर्मेली आमा भनेर सबैले चिन्थे। हीरा र म यौटै स्कूलमा पढ्थ्यौँ। दुईजना असाध्यै मिल्ने साथी बन्यौँ। हीराको घरनजिकै चौरहामा भएकोले कहिले म हीराको घर जान्थेँ, कहिले हीरा हाम्रो घर आउँथी। हीराको बुबाआमाले पनि मलाई औधि माया गर्नुहुन्थ्यो।

बर्मेली बा समाजसेवी हुनुहुन्थ्यो। त्यतिबेला भैरहवा बजार अहिलेको जस्तो व्यवस्थित थिएन। बर्मेली बाले टोल-टोलमा बाटो, पानी, बिजुली, टेलिफोनजस्ता विकासका पूर्वाधारहरू पुऱ्याउनमा ठूलो मद्दत गर्नुभयो। स्कूल कलेज, स्वस्थ्यचौकी खोल्न सहयोग गर्नुभयो। सरकारबाट प्राप्त बजेट नपुग हुँदा बर्माबाट आफूले कमाएर ल्याएको निजी सम्पत्तिसमेत खर्चिनुभयो। भैरहवामा कोही दु:खी गरीब नबनुन्, बेरोजगार भई बस्न नपरोस् भन्ने उद्देश्यले उहाँले निर्व्याजी ऋण दिने, बेरोजगारलाई रिक्सा किनिदिएर जीवीकोपार्जनमा मद्दत पुऱ्याउनुभएको थियो। स्थानीय युवाहरूलाई जम्मा परी युवा क्लब गठन गर्नुभएको थियो। युवाहरूलाई प्रशिक्षण दिएर तिनीहरूमा भएको श्रम, सीप स्वदेशकै लगानी गरे देश फल्छ, फुल्छ भनेर

उत्साह जगाउनुहुन्थ्यो। त्यतिबेला भैरहवाका युवाहरू विदेसिने क्रम रोकिएको थियो। समाज सुधार र मानव हितका पक्षमा काम गर्नु भएकोले सबैले आदर सम्मान गर्थे बर्मेली बालाई। बर्मेली आमा पनि त्यत्तिकै चल्तापुर्जा हुनुहुन्थ्यो। त्यति बेलै आमा समूह गठन गरेर महिलाहरूलाई एकत्रित पारी घरघरमा हुने घरेलु हिंसा रोक्न मदिरा पान निषेधजस्तो अभियान चलाउनुभएको थियो। प्रौढशिक्षा खोलेर शिक्षाको दियो बाल्नुभएको थियो, कसैको घरमा झै-झगडा पऱ्यो कि बर्मेली आमालाई गुहार्न आउँथे। उहाँ गएपछि मिलाएरै छोड्नुहुन्थ्यो। त्यति बेला बर्मेली आमा चौपट्टै राम्री पनि हुनुहुन्थ्यो। गहुँगोरो चेहरा, ठूलाठूला आँखा, सलक्क परेको नाक टमक्क मिलेका दाँत, लामो कालो कपालमा रातो धागो जोडेर चारआँठे चुल्ठो बाटी सुहाउँदो लवाईमा उहाँलाई देख्दा सबैले प्रशंसा गर्थे। सबैप्रति समान व्यवहार गर्नेहुँदा बर्मेलीआमा सबैकी प्यारी पनि हुनुहुन्थ्यो। हामी (हीराका साथीहरू) लाई घरमा बोलाएर बर्मेली परिकार बनाई थरीथरी खानाको स्वाद चखाउनुहुन्थ्यो। उहाँ नाच्न गाउन पनि उत्तिकै सीपालु हुनुहुन्थ्यो। हामीलाई नचाउनुहुन्थ्यो आफू पनि कम्मर भाँची-भाँची छमछमी नाच्नुहुन्थ्यो। उहाँको रमाइलो गर्नुपर्ने बानीले गर्दा हामी केटाकेटीहरू बर्मेली आमाको वरिपरि झुम्मिन मन पराउँथ्यौं।

स्कूलको पढाई सकिएपछि म उच्चशिक्षाको लागि मामाघर पोखरामा आएँ। पृथ्वीनारायण कलेजमा भर्ना भएर आई.कम. मा पढ्न थालें। हीरा पक्लिहवा क्याम्पसमा भर्ना भई। म पोखरा आएपछि हामीबीचको भेटघाट पातलिँदै गयो। म कलेजमा छुट्टी भएको बेलामा मात्रै घर जान्थें त्यति बेलामात्रै हाम्रो भेट हुन्थ्यो। आई.ए. मा पढ्दापढ्दै भैरहवाको उमेश भण्डारी सँग हीराको विहे भएछ। उमेश त्यहींको जिल्ला शिक्षा कार्यालयमा शाखा अधिकृत

थिए । वर्षदिनपछि उसको बीरगन्ज सरूवा भएछ हीरा पनि उमेशसँग बीरगन्ज गईछन् । हीरा गएको केही महिनापछि बाबाको हृदयघात बाट निधन भएछ । मैले पोखरामै त्यो खबर पाएर साह्रै दुःखी भएँ । यौटा कर्मठ समाजसेवीलाई गुमाउनुपर्दा भैरहवा मात्र हैन पूरै रूपन्देही जिल्लालगायत उहाँलाई चिन्ने जान्ने सबैजना मर्माहत भए ।

दशैँबिदामा घरजाँदा म हीराको घरमा गएँ । ढोकामा ताल्चा लगाएको देखेर गरूँगो मन लिएर फर्कें । पछि थाहा पाएँ हीराले आमालाई आफूसँगै बीरगन्ज लगिछन् ।

पृथ्वीनारायण कलेजको बी.कम.को परीक्षा सकेर म सानिमाको घर बानेश्वर काठमाडौँमा आएँ । यौटा एन.जि.ओ. मा काम गर्न थालें र सामाजिक सेवातर्फ उन्मुख भएँ । हीरा र आमा नारायणघाटमा हुनुहुन्छ अरे, भनेको सुनेकी थिएँ । उमेशको घरि कता घरि कता सरूवा भइरहन्थ्यो । त्यसैले हीरा र आमा पनि उमेशसँगै ठाउँठाउँमा जानुपर्ने हुन्थ्यो । बाल्यकालका मिल्ने साथी भए पनि हाम्रो जीवनमा आएको परिवर्तन र पारिवारिक तथा सामाजिक जिम्मेवारीले गर्दा हामी एक आपसमा टाढिदै गयौँ । मेरो बिहा भएर बच्चा जन्मेपछि त झन् अलमलमा परें । ऊ पनि व्यस्त भई । म पनि आफ्नै परिवार, जागिरमा व्यस्त हुनपुगेँ ।

अस्तिमात्र असनमा किनमेल गर्न जाँदा हीरालाई देखेर बोलाएँ । हीरा खुशी हुँदै मलाई गम्लङ्ग अँगालो मारी आँखाभरी हर्षको आँसु लिएर भनी "मोरीसँग आज भेट हुनुरैछ र हिजो सपनामा पनि देखें । बिहानभरी कौसिमा बसेर काग कराको करायै थियो ।" "मैले गोंगबुमा जग्गा किनेर घर बनाएँ नि आईज है ? हामीलाई धेरै कुरा गर्ने इच्छा भए पनि असनको भीडमा अनुकूल मिलेन र मैले उसको र उसले मेरो फोन नम्बर टिपेर छुट्टियौँ । आज हीराको घरमा आउँदा

आमाको यो गति देख्नुपऱ्यो। काहाँ त्यतिबेला की बर्मेलीआमा काहाँ आजको। उही मान्छे भनेर पत्याउनै गाह्रो। कल्पना नै गर्न नसकिने अवस्थामा बर्मेलीअमालाई देख्दा मन साह्रै खिन्न भयो।

भऱ्याङ्मा टक-टक जुत्ता बजाउँदै हीराले तरकारी केही फलफूल, दाल, गेडागुडी, तेलको, झोला गह्रुङ्गो गरी बोकेर बरण्डामा आइपुगी। मलाई देखेर भनी "ए शशी ? आइपुगिस् ? हेर न तरकारी किन्न गएको छान्दाछान्दै दिन बित्यो। कतिबिध्न भाउ बढेको हो ? किलोको चालिसघटी केही पनि पाईँदैन। महँगीले मार्ने नै भयो। न धारामा पानी आउँछ, न साँझमा बत्ती बाल्न पाइन्छ। न सडकबाट फोहोर उठ्छ। काठमाडौँको बसाइँ त साह्रै कठिन हुँदै गयो।" एकछिन नरोकिई खररर भनी हीराले। मैले केही बोल्न नपाउँदै आमातिर हेरेर रिसाउँदै भनी "तपाईलाई बाहिर ननिस्कनु भन्या हैन ? जानुस् भित्र। दराजभरी लुगा छ, खाली एकसरो पेटीकोट लाएर छोरीले लाउनै दिइनँ भनेर देखाउनुहुन्छ अरूलाई। मेरो त तपाईले बेइज्जतै गर्नुभयो। आज शशी भएर पो अरूले देखेको भए के भन्थे होलान् ?"

डरले थरथर काँप्दै हीरालाई हेरेर "अँ अँ आज तैले ढोका नलाई छोडेको हुँदा एकछिन यसो बरण्डामा अँ अँ निस्केकी हुँ", बर्मेली आमाले भन्नुभयो। ठूलाठूला आँखाले हेर्दै कुटुँला पिटुँला झैँ गरी हीराले आमालाई झपार्दै भनी "तपाईले त मेरो हुर्मतै लिनुभो। शशीले अलमल्याई छ र पो नत्र सडकमा पुगिसक्नुहुन्थ्यो।"

आमाप्रतिको हीराको दुर्व्यवहार देखेर पहिले त मलाई हीराको घरमा व्यर्थै गएँछुजस्तो लाग्यो। तर म यौटा एन.जी.ओ. मा काम गर्ने सामाजिक कार्यकर्ता भएकोले मसँग भएका विभिन्न प्रकारका तालिमको अनुभव र ज्ञानले गर्दा हीराको घरको वातावरणप्रति

गम्भीर भएर सोच्न बाध्य बनायो। हीरालाई प्रश्न गरँ "आमालाई कोठामा थुन्ने गेरेकी छस् ?" हीराले झकँदै भनी "नथुनेर के गर्ने त ? घरमा कोही मान्छे आयो कि "मैले केही खाएको छैन, भोकै छु भनेर क्वाँ क्वाँ रोइदिनुहुन्छ। कहिले मलाई काल आएर मर्न पाईनँ भनेर कराउनुहुन्छ। खान दियो खानुहुन्न, लाउन दियो लाउनुहुन्न उ ! त्यसरी यौटा पेटीकोट मात्रै लाएर बाहिर निस्कनुहुन्छ। कपाल कोरी बाटी गरिदियो उत्तिखेरै फुकाएर भुत्ल्याङ्ग पार्नुहुन्छ। जतिबेला पनि म उहाँसँगै बसिरहन भन्नुहुन्छ। एक्लै बस्न मान्नुहुन्न। कहिले त कराउने चिच्याउने, कहिले त आफ्नो कपाल आफै भुत्ल्याउँदै रूने गर्नुहुन्छ। टोल छिमेकीले समेत "आफ्नी आमालाई त छोरीले हेला गर्दारैछन् बुहारीको के कुरा" भनेर मेरै कुरा काट्छन्। आमाको हेरविचार गरिन भनेर मलाई नै दोष दिन्छन्।

उमेश डोल्पामा सरूवा भएर गयो। दुईजना छोराहरू अमेरिका पढ्न गए। आमाको लागि मैले कृषि विकास बैंकको त्यस्तो राम्रो जागिर छोडेर घर बसँ। लौ भन त शशी ! म एक्लैले के के मात्र गर्नु ? आमाको उपचारको लागि अस्पताल लगँ, कत्ति डाक्टर देखाएँ, केही सीप लागेन। हीराको कुरा मैले सुनिसकेपछि भने "तँ रिसाउँदिनस् भने यौटा कुरा भन्छु" रिसाउदिनँ, छिटो भन् न के हो ? हीराले भनी।

सुन, आमालाई बुढ्यौलीमा लाग्ने रोगहरूभन्दा पनि कडारोग एक्लोपनले सताएको देखिन्छ। त्यसको मुख्य कारण परिवार विखण्डित हुनु हो। संयुक्त परिवारमा भन्दा एकल परिवारमा बस्ने ज्येष्ठ नागरिकमा प्रायः यो रोग बढी देखिन्छ। ज्येष्ठ नागरिकहरूले उमेर छँदा, परिवार, समाज, राष्ट्रका लागि गरेका थुप्रै कामहरूको अनुभव र ज्ञान हुन्छ। ती अनुभव र ज्ञान मनभित्रै गुम्सेर उकुसमुकुस

भइरहेको हुन्छ। सुनाउने कोही मान्छे नपाउँदा आफू एक्लै परेको महशुस हुनेहुँदा उहाँहरूको व्यवहारमा त्यस्तो लक्षणहरू देखा पर्छन्। आजको जमानामा मानिसहरू धेरै व्यस्त छन्। कसैको कुरा सुन्ने फुर्सद छैन। सानै उमेरदेखि कलिला बच्चाहरूलाई स्कुल भर्ना गरिदिन्छन्। हजुरबा हजुरआमालाई ती बच्चाहरू खेलाउने धोको पनि पुग्न पाउँदैन। त्यसैले वृद्धावस्थामा चिडचिडापन आउने हुन्छ। एक्लोपन खासै शरीरमा लाग्ने रोग त हैन, तर मनमा लाग्ने कडा रोग हो भन्छु म त। यसको उपचार औषधीबाट हुन सक्तैन। त्यसैले विदेशमा ज्येष्ठ नागरिकहरूका लागि थुप्रै क्लबहरू खोलिएका छन्। यहाँ पनि केही संघ संस्थाले डेकेयर सेन्टर खोलेर ज्येष्ठ नागरिकहरूलाई सेवा पुऱ्याएकका छन्। आमालाई त्यहाँ लान सके केही हदसम्म सुधार हुनसक्छ। डेकेयर सेन्टरमा आमाजस्ता थुप्रै ज्येष्ठ नागरिकहरू आउनुहुन्छ। आफूजस्तै साथीसँग मनका कुरा साटासाट गर्न पाउँदा मन हलुङ्गो हुन्छ।

हीराले हतारिँदै भनी "त्यस्तो ठाउँ कहाँ छ ? छिटो भन् न।" मातापिता सदन सिफलमा, सहाराकेन्द्र थापाथलीमा, संकल्प नेपाल कोटेश्वरमा, अस्मी सिनामंगलमा, शान्ति आश्रम बुङ्गमतीमा छ। अहो ! त्यत्तिका संख्या रैछन् मलाई त थाहै थिएन। भोलि नै एउटा ठाउँमा लगिदे न शशी हीराले भनी।

मातापिता सदन सिफलमा पुगेपछि आफूजस्तै धेरै वृद्धाहरूलाई भेटेर बर्मेली आमा खुशी हुँदै यौटी बृद्धासँग कुरा गर्न थाल्नुभयो। आमाले गफ गरेको देखेर हामी पनि खुशी भयौँ।

हीरालाई बेलाबेलामा फोन गरेर आमाको दैनिकीबारेमा जानकारी लिइरहन्थें। उहाँको क्रियाकलापमा क्रमशः सुधार आएको थाहा पाउँदा मनै आनन्द हुन्थ्यो। फुर्सद निकालेर म एकदिन हीराको

घरमा गएँ। कोरीबाटी गरी सफा लुगा लाएर चिटिक्क परेर बस्नुभएको बर्मेली आमालाई देखेर म त छक्क परें। हीराले खुशी हुँदै भनी "हेर न अहिले त आमा धेरै फेरिनुभएको छ। मातापिता सदनका सबै वृद्धहरूसँग उहाँको दोस्ती बढेको छ। हेर त, कति राम्रा बत्ती पनि कातेर ल्याउनुभएको छ।" बत्तीका मुठा उचालेर हीराले मलाई देखाई।

हीराले फेरि भनी "गोंगबुबाट सिफलसम्म जान आउनचाहिँ अलि टाढै हो। यहीँ टोलमा भएको भए अझै सुविधा हुनेथियो। यस्ता डेकेयर सेन्टर त टोलटोलमा आवश्यक छ। राज्यले ज्येष्ठ नागरिकहरूका लागि डेकेयर सेन्टरहरू खोलीदिनुपर्छ र खोलिएका डेकेयर सेन्टरलाई आवश्यक सहयोग गर्नुपर्दछ। हैन त शशी ? जीवनभर परिवार समाज र राष्ट्रका लागि उमेर खर्चेका ज्येष्ठ नागरिकहरूलाई वृद्धावस्थामा आएर एक्लो महशुस हुननदिनु परिवारका साथै राज्यको दायित्व हो।

हीराले डेकेयर सेन्टरको टोलटोलमा आवश्यकता भएको कुरा बताउँदै मलाई भनी "तँलाई भेटेपछि त हाम्रो दिनै फेरियो। तँ त देवी बनेर हाम्रो घरमा आइस्" मैले बर्मेले आमालाई सोधेँ- "आमा ! तपाईका साथीहरू कति छन् ?" बर्मेली आमाले धेरै छन्, रमाइलो छ भनेर मुसुमुसु हाँस्नुभयो। मैले उहाँको काखमा टाउको अड्चाएर चारआँठे चुल्ठो बाटीदिनुस् न आमा भनेपछि हीरा खित्का छोडेर हाँसी। ८८ वर्षीय वृद्ध बर्मेलीआमा हाहाहाहा गर्दै दिल खोलेर हाँस्नुभयो, म पनि हासेँ।

मधुपर्क, पौष २०६६

स्वाभिमान

"दुवै हात चल्ने भए आफ्नै गाउँको घरमा हुन्थँ नि यो सडकको धुलो किन खान पथ्र्यो र ? नानी !"

नेपाल कला परिषद् भवन बबरमहलमा कलाकार हेम पौडेलद्वारा सिर्जित "वातावरण र चराहरू" चित्रकला प्रदर्शनी अवलोकलनपछि बाहिर निस्कँदा मुलगेटको दायाँतिर नाङ्लोमा राखिएका सफा र सर्लक्क परेका बदाममा मेरा आँखाहरू ठोकिन पुगे । चारमाना बदाम दिनुस् न भनेर पसल्लीसँग मागँ । ती अधबैंसे पसल्लीले मानाले बदाम भर्दै यौटा अखबारको पाना च्यातेर भुइँमा ओछ्याएर राखिदिइन् । मैले झोलामा राखेर गाँठो पारीदिनुस् घरमा लैजाने हो भनँ । तिनले प्लास्टिकको यौटा झोला झिकेर मतिर हात बढाइन् । मैले पनि यौटा हातले हेल्मेट समातिरहेकी थिएँ । तिनको माल बेच्ने तरिका देखेर मनमनै अलिकति रिस उठ्यो र फेरि भनँ - "तपाइँले नै झोलामा राखिदिनुस् न अनि बलियो गाँठो पनि पार्दिनुस् । ती अधबैसे पसल्लीले अँधेरो मुख लाएर मतिर हेर्दै भनेकी थिइन् ती माथिका शब्दहरू ।

अधबैसे पसल्लीका शब्दहरूले मलाई झस्कायो र तिनको शरीर नियालेर भनँ । खै त्यस्तो त केही देखिँदैन । तिनले फेरि भनिन् "यो मेरो देब्रे हातै चल्दैन, दाइने हातले उचाल्नुपर्छ नत्र यत्तिकै यी ! हेर्नुस् न भनेर देखाइन् । त्यतिमात्र हो र नानी, देब्रे गोडाको पनि राम्रो भरै छैन । हिँड्दा खोच्याङ खोच्याङ हुन्छ । हेर्दा दन्दनाउँदी,

खाइलाग्दी जीउडाल भएकी, उज्योलो मुहार, चौडा निधार ठूलाठूला आँखा, गहुँगोरी, ती अधबैंसे पसल्ली बैंसमा कति राम्री थिइन् होला ? मलाई तिनका कुराहरूले मनमा कुतूहलता जगायो। फेरि सोधैं "अनि तपाइँ यहाँ काहाँबाट कसरी आइपुग्नुभयो ?" मेरो प्रश्नको जवाफ दिन नभ्याउँदै अर्को यौटा ग्राहक आयो र यौटा चुरोट दिनुस् न भन्यो। ती अधबैंसे पसल्लीले सिङ्गै बट्टा हातमा थमाइन्। उसले बट्टा खोलेर एक खिल्ली चुरोट झिकेर पैसासहित बट्टा फर्कायो अनि मसिनो डोरोले बाँधिराखेको लाइटर टिपेर चुरोट सल्काएर तान्दै बाटो लाग्यो। म मेरो प्रश्नको् जवाफको पर्खाइमा थिएँ।

तिनले भन्न शुरू गरिन " मेरो घर स्याङ्जा जिल्लाको खिलुङ्ग देउरालीमा थियो। माईती बानेथोकमा थियो। म १६ बर्षकी हुँदा खिलुङका तिलबहादुर क्षेत्रीसँग मागीविवाह भयो। मैले ५ कक्षासम्म पढ्न पाएकी थिएँ। १९ बर्षकी हुँदा छोरो जन्म्यो। सासु आमाले उसको नाम जौबहादुर भनेर राखिदिनुभयो। सानैदेखि माइतीमा खेतीपाती, घाँस, दाउरा गरिन्थ्यो। घरमा पनि वस्तुभाउ, खेतीपाती भएकोले त्यस्तै काम गर्न गाह्रो थिएन। माघ महिना थियो, भुइँमा हरियो घाँस नपाइने, त्यसैले एकदिन गिँदरीको रूखमा चढेर डालेघाँस झार्दा टेकेको हाँगो कच्याक्कै भाँचिएर भुइँमा बजारिन पुगेँ। त्यसपछि केही थाहा पाइँन। होस आउँदा घरको पिँडीमा थुप्रै मान्छेहरू जम्मा भएका र आफूलाई गुन्द्रीमाथि सुतिरहेको पाएँ। त्यसपछि के भयो ? मैले सोधैं जवाफ दिन नपाउँदै यौटी ठिटी आएर तितौरा छ ? भनेर सोधिन्। छ लिनुस् भनेर नखोलेको ठूलो पाकेट नै दिइन्। त्यो ठिटीले ५ वटा सानासाना पाकेटको तितौरा नयाँ पाकेट खोलेर झिकिन् र २५ रूपैयाँसहित बाँकी तितौरा फर्काएर गइन्। त्यसपछि पसल्लीले मतिर हेरेर भन्न थालिन्- "मेरो सबै

जीउ दुःखिरहेको थियो। बाँयातिरको हर चलाउनै सकिनँ। गाउँकै वैद्यले औषधि खान दिए। त्यत्ति नै बेला मैले सोधेँ अस्पतालमा जँचाउन जानु भएन ? तिनले भनिन् "एकपल्ट स्याङ्जा जिल्ला अस्पतालसम्म बोकाएरै भए पनि पुऱ्याएका थिए। त्यहाँको डाक्टरले पोखरा लैजानु भने। पोखरासम्म मोटरमा राखेर सजिलै पुऱ्याए। डाक्टरले जाँचिसकेपछि दिमागको नसामा चोट लागेकोले हर चल्न नसकेको रैछ यसको उपचार त काठमाडौँको अस्पतालमा मात्रै हुन्छ भने। तर सासुआमाले यल्लाई डुलाउँदै हिँडेर हाम्लाई साध्य लाग्छ ? पर्दैन कतै लान घरैजाने भनेर फर्काउनुभयो। उहाँहरूको धन खर्च हुन्छ भनेर त होला नि।

भारी बोक्न कोदाली खन्न नसके पनि बिस्तारै घरको काम धन्दा, लिपपोत, बढारकुँडार, अँगेनामा बसेर खाना पकाउने, गोठमा गएर घाँस राखिदिने, भकारो सोहर्ने गरेकै थिएँ। म पनि जाँगरिली मान्छे हुँ नि। खाली हात बस्नै सक्तैनथेँ। तैपनि सासुले काम गर्न सकिन भनेर छोराको दोस्रो बिहा गरिदिनुभयो। मैले भने तपाईंले विरोध गर्नु भएन ? बहुविवाहको उजुरी हाले त हुने नि। तिनी के भन्न लागेकी थिइन् अर्को यौटा ग्राहक आएर त्यहाँ भएको २ वण्डल बिस्कुट सबै उठायो र भन्यो भोलि ४ वण्डल ल्याइराख्नु है। सायद त्यो ग्रहक त्यतै नजिक अफिसतिर काम गर्ने हुनुपर्छ। अँ के भन्दै हुनुहुन्थ्यो भन्नुस् न मैले भने।

ती अधबैंसे पसल्नीले गहभरी आँसु पारेर भनिन् "गरिन नानी गरिन उहाँहरूले खोजेजति काम दिन नसकेपछि नबोल्नु नै बेस मानेँ। फेरि त्यो सानो छोरोको भविष्य पनि सोच्नैपऱ्यो।

म हातमा हेल्मेट समातेको समात्यै तिनका कुरालाई चाख मानेर सुनिरहेकी थिएँ। मैले फेरि सोधेँ सौता ल्याएपछि तपाईंलाई

माया गरेनन् ? आँखाबाट बलिन्द्र धारा आँसु बर्षाउँदै तिनले भनिन्- "के गर्थे र नानी ? एक वर्षसम्म त ढुङ्गो भएरै सहें। सौताले पनि छोरा पाएपछि त बसिखप्नु भएन। दिनदिनै सराप्न थाले। त्यतिले नपुगेर भुत्ल्याउने, लछारपछारसमेत गर्न थाले। श्रीमान्ले देखेर २/४ चोटी छुटाइदिनुभयो। त्यसपछि त झन् उहाँ नभएको मौका छोपी-छोपी तथानाम गाली गरेर जा कुँजी, लङ्गडी आँधीखोलामा डुबेर मर, भीरबाट गुल्टेर मर, त्यहाँसम्म जान नसके पालीको खाँबोमा पासो लाएर मर सम्म भने।

एक मनले त्यसै गरूँ कि झैं लाग्यो। अर्को मनले धत् आत्महत्या गर्नु पाप हो भन्थ्यो। फेरि त्यो ५ बर्षको बालख छोरो म मरेपछि टुहुरो हुन्छ नि बरा ! त्यसैको मायाँले पनि मनं दिएन। दशैंको बेला थियो। भँडारखोलाका श्रवणबाबु काठमाडौंबाट आउनुभएको सुनेर घरमा थाहै नदिई उहाँलाई भेट्न गएँ। मैले सबै कुरा रूँदैरूँदै बताएँ। उहाँले नरूनुस् भाउजू काठमाडौं जाँदा सँगै जाउँला भन्नुभयो। मेरा मन मात्र हैन शरीर पनि फूलको थुँगा झैं हलुङ्गो भयो। म आफूलाई पहिलेकै जत्तिको सद्देछु जस्तो लाग्यो। तर कलेजाको टुक्रो छोरालाई छोड्नुपर्ने हुँदा साहै दुःखी भएँ।

काठमाडौं आएको भोलिपल्टै श्रवणबाबु र उहाँकी दुलहीले मलाई पशुपति, बुढानीलकण्ठ भगवान्को दर्शन गर्न लानुभयो। त्यहाँ ढोकादेखि लाइनै आइमाई लोग्नेमान्छेहरू सरोवरी माग्न बसेको देखें र त्यहीं बाहिरपट्टी फूल माला, पूजासामान बेच्न बसेका पनि देखें। मनमनै भनें "मागेर बाँच्नुभन्दा त फूल बेचेर गुजारा गर्नु उत्तम।" मलाई मेरो स्वाभिमानले भन्यो। "मान्छे भएर जन्मेपछि आफ्नो मेहनत र परिश्रमले कमाएर खानुपर्छ " दर्शन गरिसकेपछि फर्कदा गाडीमा मैले भने "म पनि यहाँ बसेर फूल बेच्छु नि हुन्न ? "

श्रवणबाबु उहाँकी दुलहीले हुन त हुन्छ भाउजू तर यहाँसम्म आउन जान टाढा हुन्छ। तपाइलाई पसल राख्ने इच्छा भए नाङ्लो पसल राख्दा हुन्छ। उहाँका कुराले म उत्साहित भएर सोधेँ। त्यो भनेको के बाबु ? थोरै लगानीमा नाङ्लोमा आवश्यक खुद्रा मालहरू जस्तैः बदाम, चुरोट, सलाई, बिस्कुट, चकलेट, चाउचाउ इत्यादि राखेर सडकको पेटीमा बसेर बेच्ने श्रवणबाबुले भन्नुभयो। उहाँकी दुलहीले पनि हो भाउजू त्यो व्यापारबाट फाइदा र सजिलो पनि छ भन्नुभयो।

सुरुमा श्रवणबाबुले नै ५०० रूपैयाँ दिएर मालसामान किन्न लाउनुभो। दुलहीले यौटा नाङ्लो दुईवटा मुढा (यौटा बस्ने, यौटा नाङ्लो अड्याउने), छाता र काठको पुरानो बाकस पनि दिनुभयो। श्रवणबाबु बिहान अफिस आउँदा यहाँ छोडिदिनुहुन्थ्यो, फर्कदा गाडीमा राखेर घर लानुहुन्थ्यो। उहाँको अफिस त्यहीँ नजिकै कर कार्यालयमा थियो। दिउँसो पनि कामबाट फुर्सद पाउनासाथ रेखदेखका लागि आउनुहुन्थ्यो। श्रवणबाबु र उहाँकी दुलही मेरो लागि देवता र देवी हुनुहुन्छ नि नानी ! त्यत्ति नै बेला यौटा ग्राहक आएर नाङ्लोमा भएभरको सबै बदाम उठाएर ७००।- रूपैया दियो। मैले झण्डै पहिले नै बदाम किनेछु नत्र नपाइने रै छ।

नोट पट्याएर पोल्टामा राख्दै तिनले भनिन् "नाङ्लो पसलबाट आम्दानी बढ्दै गयो मैले श्रवण बाबुको ५००।- फर्काएँ। तर उहाँले लिनै मान्नुभएन। मैले मेरो स्वाभिमानमा धक्का पर्छ भनेपछि बल्लबल्ल लिनुभयो। उहाँहरूले पर्दैन भने पनि आफूलाई खान दाल, चामल, तरकारी पनि किन्ने गर्थें। छ महिना उहाँहरूसँगै बसेँ सधैँ दुःख दिन मन लागेन अनि यतैतिर नजिकै डेरा खोजेर बसेँ। म डेरा सर्ने दिनमा उहाँहरूको आँखाभरी आँसु देखेँ। वर्ष दिनपछि उहाँहरू फेरि दशैँमा घर जाँदा छोरालाई पनि झिकाएर बोर्डिङ् स्कूल भर्ना गरिदिएँ।

ऊ आएपछि माल ओसार्न सजिलो भयो। मेहनत गरेर पढ्यो, सँधै प्रथम भयो, फिस तिर्नै परेन। एसएलसी मा पनि प्रथम नै भयो। अहिले १२ कक्षामा पढ्दैछ नानी ! अब काम खोजेर गर्छु भन्दैछ। छोराका बाबु पनि २, ४ चोटी भेट्न आइसक्नुभयो। घरबाट आउँदा २ माना घिउ, ४ माना खुदो, १ पाथी सिरौला (खट्टे भुट्ने चामल) ल्याइदिनु भाथ्यो। अर्कोपाली आउँदा यतै बस्नेगरी आउँछु भन्नुभएको छ। उहाँ आएपछि यही पसलबाट कमाएर बैंकमा जम्मा पारेको पैसा छ। यौटा सटर लिएर किनारा पसल खोल्ने विचारमा छु।

मैले भनें त्यो सौताहाल्ने लोग्नेलाई किन मायाँ गर्नुभएको त ? लामो सास तानेर तिनले भनिन् 'हामी आइमाईको जात बिहा गरेपछि आफ्नो लोग्ने नै सर्वस्व हुन्छ। फेरि उहाँले त आमाको करमा परेर बिहा गर्नुभएको थियो ती अधबैंसे पसल्नीको पतिप्रतिको श्रद्धा, प्रेम, जीवनको सङ्घर्षबाट मैले यौटा राम्रो पाठ सिकें। मनमनै भनें "मानवशरीर भएर पनि दैवीगुण भएका श्रवण बाबु र तिनकी दुलहीको जय होस्। दुःखरूपी नरकको भुमरीबाट उद्धार गरेर ती अधबैंसे पसल्नीको जीवनमा यति ठूलो परिवर्तन ल्याइदिए। धन्य हुन् ती अधबैसे पसल्नी पनि। तन अपाङ्ग भए पनि मन दरो पारेर जीवनको उकाली उक्लन सफल भइन्। मैले केही बिर्से झैं गरी फेरि सोधें "यत्तिका बेर कुरा गरियो, तपाईंको नामै सोधिनछु। तिनले अनुहार उज्यालो पार्दै मतिर हेरेर मुसुमुसु हाँस्दै भनिन् 'उजेली क्षेत्री'। मैले आफ्नो पनि परिचय दिएँ "मेरो नाम 'डोल्मा छिरिङ शेर्पा' हो, घर बौद्धमा छ।" उजेली क्षेत्री साँच्चीकै उजेली थिइन् तिनी। मेरो आँखाभरी, मनभरी उजेलीलाई राखेर तिनी भित्रको स्वाभिमानलाई सलाम गरी बिदा भएर स्कुटर हुईक्याउँदै घर फर्कें।

मिर्मिरे, पौष २०६६



दशैँ

निर्मल र निशाले बरुणको हात समातेर एकसाथ भने 'बुबा, बुबा ! यो पाली दशैँको सपिङ गर्न महाराजगञ्जमा नयाँ खुलेको भाटमटेनी सुपरमार्केटमा लगिस्योन प्लीज !' अफिस जान लागेका वरुण थापाले छोराछोरीलाई हेर्दै मुसुमुसु हाँसीरहेका थिए, निरु (बरुणकी पत्नी) साडीको टुप्पाले चिसो हात पुछ्दै भान्साबाट आएर भनिन् "यसपालीको दशैँमा त म पनि यौटा दामी साडी किन्छु। दुई वर्ष भइसक्यो पुरानैले काम चलाएको। अँ साँच्चै खसी कैले किन्ने ?"

पत्नी छोरा छोरीलाई केही जवाफ नदिई बरुण अफिसतिर लागे। मनमा कुरा खेलाउँदै हिँडिरहेका थिए "यो दशैँ मनाउने चलन पनि कल्ले चलायो होला ? त्यतिखेरको सस्तो जमाना हो र यो ? महँगीले मान्छेको ढाडै सेकाइसक्यो। पोहोर लिएको सापटी अझै तिरिसकको छैन.....।"

'बरूण जी !' भनेर कसैले बोलाएको सुनेर झस्केर हेर्दा बलभद्र (छिमेकी) रहेछन्। उनले भन्न सुरु गरे "यसपालीको दशैँमा हजुरले यौटा घच्चीको खसी किन्नुपर्छ। टोलमा सबैको भन्दा ठूलो खसी हजुरकै हुनुपर्छ।"

बर्षेनी दशैँमा खसी मारहान्ने शोख छ उनको। जति धेरैवटा ठूला खसी ढाल्न पायो त्यति आफूलाई बहादुर ठानेर टोलभरी गफ चुट्दै हिड्ने बानी छ उनको। त्यसैले भेटेजतिलाई ठूलो खसी किन्ने

सल्लाह दिने गर्छन्। बरुणले उसको कुरा सुनेर मुसुमुसु हाँसेर भने "मलाई अफिस पुग्न ढिलो हुन्छ ऐले जाउँ है ?"

बरुण थापा टोलकै मद्र भलाद्मी, मृदुभाषी सबैको भलो चिताउने व्यक्ति थिए भने अफिसमा यौटा कुशल इमानदार राष्ट्रसेवक थिए। बरुणले अफिस पुगेपछि हाजिर गरेर काम सुरु गर्न फाइल पल्टाउँदै थिए 'नमस्ते सर' भन्दै सुब्बा भित्र पस्यो। बरूणले नमस्ते फर्काउन भ्याएका मात्र थिए। उसले फेरि भन्यो "सर यसपालीको दशैमा त एउटा घच्चीको खसी काट्नुपर्छ नत्र दशैंको के मज्जा ? हैन सर ? सरले खसी किनिसक्नुभयो ? बरुणले सुब्बालाई हेर्दैनहेरी मनमनै सोच्दै थिए। "सबैका मुखमा यौटै कुरा छ खसी खसी खसी, हैन खसी नकाटी दशैं मनाउन सकिँदैन ?"

उता चपलादेवी (बरुणकी हजुरमुमा) लाई दशैंको नौरथा लागेदेखि नै शरीरमा बिसन्चो हुनेगरेको थियो। नातीलाई दुःख हुन्छ भनेर सकुन्जेल सहेर बस्थिन्। चपलादेवीका चार भाइ छोरा दुई बहिनी छोरी थिए। जेठो छोरो सञ्जय डाक्टर, माइलो समीर पुलिसमा डि.आइ.जी, साहिँलो सन्तोष सचिव, कान्छो सचिन गाडीको व्यापारी, जेठी छोरी विमला प्राध्यापक, कान्छी छोरी वीना नर्स, एकसे एक पढेलेखेका उच्च ओहोदामा पदासिन थिए। छोराबुहारी नाती, नातिनी बुहारी, छोरी ज्वाइँ, पनाति पनातिनी दशैंमा सबैजना जम्मा हुँदा ५२ जनासम्म पुगे। पति मोहनबहादुर थापाको निधनपछि तीनभाइ छोराले आ-आफ्नो परिवार लिएर नयाँ बनाएको घरमा सरे तापनि चपलादेवी जेठो छोरा बुहारीसँगै पुरानै घरमा बसिन्। किनभने जेठी बुहारी विद्याको शील स्वभाव राम्रो थियो। डा. सञ्जय नेपालका दुर्गम जिल्लाहरूमा विरामीको सेवामा कैले कता कैले कता खटिन्थे। तिनलाई पैसाको लोभ थिएन। सेवा नै सबथोक हो भन्ने मूल्य र

मान्यता राख्दथे। बुहारी विद्या सासूआमाको वृद्धावस्थालाई ध्यानमा राखी घरैमा सेवा गरेर बस्थिन्। श्रीमान्सँग बाहिर जिल्ला जान चाहान्नथिन्।

एकदिन स्वास्थ्य मन्त्रालयबाट डा. सञ्जयलाई सार्क डाक्टर्स एसोसिएसनको सेमिनारमा भाग लिन जानू भन्ने पत्र आयो। तिनले यसपाली विद्यालाई पनि सँगै लैजाने इच्छा गरे, तर विद्याले सासूलाई छोडेर जान मानिनन्। चपलादेवीले घरमा मलाई हेरविचार गर्न बरुण, निरु छन् तिमी जाऊ भनेर सम्झाइन्। डा. सञ्जय र विद्या दिल्लीतर्फ लागे। एकहप्ताको व्यस्त सेमिनारपछि डा. सञ्जयले दुई दिन बढी बसेर दिल्लीका महत्वपूर्ण स्थानहरूको अवलोकन गर्ने इरादाले होटलमा गएर बसे। भोलिपल्ट आगराको ताजमहल हेर्न गए। ताजमहलको अगाडि बसेर फोटो खिचाए। धित मरुन्जेल ताज महललाई हेरे। स्वच्छ र उन्मुक्त वातावरणमा सास फेर्न पाएका ती जोडीले प्रेमको प्रतीक ताजमहललाई आँखाभरी मनभरी बोकेर बाहिर निस्के। त्यसपछि यौटा अटो चढेर शान्तिवनतर्फ लागे। केही पर सडकको मोडमा पुगेपछि अटो पल्टिएर दुर्घटना हुँदा ड्राइभरसहित तीनै जनाको घटनास्थलमै मृत्यु भयो। दिल्ली पुलीसले घरमा खबर गरिदिए।

छोरा बुहारीको निधनको खबरले चपलादेवी बेहोस भइन्। केही बेरपछि होस आयो र डाँको छोडी-छोडी रुन थालिन्। तिनीहरूको निधन हुनुमा आफूलाई दोषी ठहऱ्याउँदै कल्पी कल्पी रोइन्। विद्याले जान नमान्दा पनि कर लगाएर पठाएँ भन्दै छाती पिटीपिटी रोईन्। बरुण र निरुले हजुरमुमाको आँसु पुछिदिँदै भने "नरोइस्योस् हजुरमुमा त्यसमा हजुरको कुनै दोष छैन। उहाँहरूको मरण त्यहीं लेखेको रहेछ। मुमालेजस्तै हामी हजुरको सेवा गर्छौं" भनेर हजुरमुमालाई

अँगालो हाले। चपलादेवी अलि शान्त भएपछि अर्को कोठामा गएर बरुण र निरु बुवा मुमालाई सम्झेर क्वाँ क्वाँ रोए, धेरै बेरसम्म रोए।

नौरथाको छैटौँ दिनमा चपलादेवीलाई अलि चापेजस्तो भयो। बरुणले ट्याक्सीमा राखेर वीर अस्पतालमा जँचाउन लगे। जाँचिसकेपछि डाक्टरले अस्पताल भर्ना गरेर केही दिन उपचार गराउने सल्लाह दिए। हजुरमुमालाई कुर्न राती बरुण बस्थे भने दिउँसो निरु बस्थीन्।

फूलपाती, अष्टमी, नवमी हुँदै टीकाको दिन पनि आयो। बरुणले दशैँघरबाट पुजारीसँग जमरा लिएर निरु केटाकेटीसहित अस्पतालमै हजुरमुमाको हातबाट टीका थापे। निरुले बच्चाहरू लिएर माइत गइन्। ११ बजेतिर बिरामीलाई सुप र बरुणलाई खाना लिएर अस्पतालमा आइपुगिन्। चपलादेवीले निरुको हात समाउँदै भनिन् "दशैको बेला तिमीहरूलाई अस्पताल कुर्नुपऱ्यो मैले गर्दा दुःख भयो।" निरुले 'भएको छैन हजुरमुमा हजुर छिट्टो निको भइस्यो त्यति भए हामीलाई पुग्छ' भन्दै चम्चाले सुप ख्वाइन्। बरुणले पनि त्यहीँ खाना खाए। एकै छिनपछि बरुणले सिरानी, सिरक मिलाएर बेडलाई अलिकति माथि उचाली सजिलो बनाइदिए। चपलादेवीले पछाडि सिरानीमा अडेस लागेर मनमा पोहोरको दशैँको सम्झना गरिरहिन्। बरुण र निरु टुलमाथि चुपचाप बसिरहेका थिए। तिनीहरूको मनमा पनि पोहोरको दशैँको याद आइरहेको थियो।

"६ धार्नीको खसी काटेर ८ के.जी. कुखुराको मासु किन्दा पनि माइलो काकाको छोरो वीरेन्द्रले छोएला (साँधेको मासु) पुगेन भनेर हड्गामा मच्चाएको थियो। माईंली काकीले एक छाक पनि राम्ररी खुवाउन नसक्ने ? यो घरमा हाम्रो पनि अंश लाग्छ। भनेर

कुर्लेको, साहिँली काकीले हामी छँदा यो घर कस्तो थियो ? अहिले कस्तो भयो ? रङ्रोगनसम्म पनि गरेको छैन यो बरुणले; भनेको, कान्छो काकाको छोरा नरेशले बरुणदाई ! हाम्रोजस्तो गाडी कहिले किन्नुहुन्छ ? भनेको साहिँली काकीले के किन्थ्यो यसले गाडी, हाम्रो मनोजले सुव्वा भएर पनि घर घडेरी जोडिसक्यो। यो बरुण हाकिम भएर पनि एउटा मोटरसाइकलसम्म पनि किन्न सकेन, भनेको, कान्छी काकीले यो बूढोघर अंश लागेपछि कता गएर बस्छ कुन्नी ? मुमाको शेषपछि हाम्रो भाग पनि दिनैपर्छ, भनेको पनि बरुणले सुनिरहेका थिए। त्यसैबेला हातमा तास समातेर हेर्दै गरेको साहिँलो काकाले सहन नसकेर "हैन तिमीहरू यहाँ दर्शन मनाउन आएका हौ की ? बरुणको खोइरो खन्न ?" भनेर कराइदिएपछि सबैजना चुप लागेका थिए।

बिचरी निरु बिहान सबैरै उठेदेखी भान्सामा एक्लै खाना पकाको पकाइ छिन् कसैले सघाउँदैनन्। काम गर्ने मान्छेहरूलाई समेत उनीहरूले आफ्नो छेउमा राखेर तास खेलेको हेर्न लगाउँछन्। काकाहरू एक खाल, काकीहरू एक खाल, छोरा बुहारी एक खाल, केटाकेटीहरू एक खाल गरी कोठैपिच्छै तास खेल्न बस्छन्। कसैले कवाफ मासु चाहियो भन्छन्, कसैले भुटन चाहियो भन्छन्, कसैले तारेको चाहियो भन्छन्, कसैले छोएला माग्छन्, कसैले ह्वीस्की माग्छन्, कसैले बियर, कसैले लोकल रक्सी चाहियो भन्छन् बरुणलाई ओसार्दैमा ठिक्क। कान्छो काकाले चिया खान्छु भने बरुणले चिया लिन भान्सामा गएको बेला देखे त्यहाँ रोहनकी श्रीमतीले निरुलाई आफूले लगाएको गहाना/लुगा देखाएर बयान गर्दै थिइन्। यो साडी उहाँले बैङ्ककबाट ल्याइदिस्या, यो ज्वेलरी भाइले दिएको कस्तो छ दिज्यू ? भनेर सोध्दै थिइन्। निरुले निधारको पसिना पुछ्दै भनेकी थिइन् असाध्यै राम्रो छ। सुहाएको पनि त्यत्तिकै छ।

चपलादेवीले सबैकुरा देखेर बुझेर पनि कसैलाई केही भन्दिनथिइन्। निरुको दुर्दशा देखेर ज्यादै माया लाग्थ्यो। दशैँ आउनु नै निरु र बरुणलाई दशा आएजस्तिकै हुन्थ्यो। एकातिर खर्चको बोझ, अर्कोतिर कामको बोझ, त्यसमा पनि नानाथरीका घोचपेच सुन्नुपर्ने। मसिना बच्चाहरूले पनि थरीथरीका खेलौना देखाएर निर्मल र निशालाई ईख्याउँथे।

आधा घण्टाजतिको मौनतापछि बरुणले हजुरमुमा ! भनेर बोलाए। चपलादेवी झसङ्गै भइन्, के सोचिरहिस्या ? बरुणले सोधे। तिमीहरूले नि ? चपलादेवीले प्रतिप्रश्न गरिन्। निरुले भनिन् मैले त पोहोर साल यो दिन घरमा भएको चहलपहल सम्झेकी थिएँ। चपलादेवीले फेरि भनिन् "बरुणले पनि पक्कै त्यही होला" बरुण मुसुमुसु हाँसिरहे केही भनेनन्।

चपलादेवीले भनिन् "कति सताएका थिए तिमीहरूलाई उनीहरूले। आफूहरू ढलेको अंखोरा नउठाउने बसेको ठाउँबाट यो ले र त्यो ले भन्दै अर्डर गर्ने ? दशैँ भनेको त मिलेर काम गर्ने, सबै सँगै बसेर खाने, आपसी मनमुटाव मेटाउने पो हो त। हाम्रो घरमा त सानादेखि ठूलासम्म सबैजना धाक मात्र देखाउने। निहुँ खोजी खोजी तिमीहरूलाई हेपेर घोचपेच गर्ने, होच्याउने, त्यस्तो अरूलाई दुःख दिएर, मर्का पारेर मनाउने दशैँभन्दा त बरु यसपालिको दशैँ बडो शान्तिपूर्ण रह्यो। भगवानलाई लाख लाख धन्यवाद छ।" चपलादेवीले लामो सास फेरिन्।

एक छिनपछि फेरि भनिन् "अघिपछि के कसो छ भनेर सोध्न कोही फर्केर आउँदैनन्। हेर न म अस्पतालमा भर्ना भएको पाँच दिन भइसक्यो भेट्नसम्म कोही आएका छैनन्। वर्षको एक दिन टीकाको दिन भएभरका हाम्रै घरमा जम्मा हुन्छन्। बूढो घरमा बसेको भनी

निहुँ झिकी झीकी जे मुखमा आयो त्यही बक्छन्। त्यही दिनलाई रिस साँध्ने उपयुक्त दिन ठानेका छन्।" निरुले भैगो नि हजुरमुमा भन्न दिस्यो न हामीलाई हजुरको साथ भए पुग्छ। बरुणले पनि थपे अब हजुर छिटो निको भइस्योस् हामीलाई अरू केही चाहिँदैन। चपलादेवीले बरुण र निरुको कपाल मुसार्दै स्नेहपूर्वक भनिन् तिमीहरू कत्ति ज्ञानी छौ।

कोजाग्रत पूर्णिमाको अघिल्लो दिन साँझ बरुणले हजुरमुमालाई डिस्चार्जपछि अस्पतालबाट घर ल्याए। माइँली काकीले पूर्णिमाको दिनसम्म टीको लाउन भैहाल्छ जाने भनेर हल्ला गरिन्। माइँलो, साहिँलो र कान्छो काकाको घर बानेश्वरमा एकै ठाउँमा भएकोले सबैजना जम्मा भएर एकैपटक हुलै बाँधेर जाने निर्णय गरे। साहिँलो काकाले हप्काउँदै भने "बिरामी पर्दा भेट्नसम्म नजाने टिका लाउन खानचाहिँ जाने ? लाज लाग्दैन तिमीहरूलाई ? वृद्ध बिरामी मुमालाई दु:ख दिन कोही जानु पर्दैन भनेर कडुकेपछि सबैजना हिस्स परे।

दायित्व, जेठ/असार अङ्क २०६६

सम्मान
कार्यक्रम
सम्मानपत्र

सम्मान

साधुराम हाम्रो टोलकै चल्तापुर्जा व्यक्ति हुन्। टोलको लागि उनी आवश्यक बाटो, पानी, बत्ती, स्कूल, स्वास्थ्यचौकीजस्ता विकासका पूर्वाधार निर्माण र सार्वजानिक उपयोगी काममा सक्रिय भएर लागिपर्छन्। त्यसैले साधुरामलाई टोलवासीहरूले समाजसेवीको दर्जा दिएका छन्।

कतिपय संघ संस्थाहरूले कार्यक्रमको आयोजना गरी फूलमाला पहिऱ्याएर, दोसल्ला ओढाएर कदर पत्र, प्रशंसापत्र दिएर साधुरामलाई सम्मान गरिसकेका छन्। बाटोमा हिँड्दा श्रद्धापूर्वक नमस्ते गर्ने मानिसहरूको कमी छैन साधुरामलाई।

श्रद्धासम्मान भन्ने कुरा मानिसको अन्तरहृदयदेखि नै प्रस्फुटन भएर आउने हुँदा, ती शब्दहरू आफैमा अति सुन्दर र गरिमामय छन्। सम्मान अरूसँग मागेर, खोसेर, किनेर लिन पाइने वस्तु पनि त होइन। सम्मान पाउनका लागि जीवनभर समाजको निम्ति तन, मन, धन, अर्पेर ठूलो त्याग र तपस्याका साथ निश्वार्थ सेवा गरेको हुनुपर्छ। अनिमात्र त्यसको मूल्याङ्कन गरी योगदानको आधारमा समाजबाट नै त्यस्ता व्यक्तिहरूलाई सम्मान गरिएको हुन्छ। सम्मानित व्यक्ति आफैमा यौटा उदाहरणको ज्योति बनेर अरूलाई प्रेरणा र प्रोत्साहनको प्रकाश छरिरहेको हुन्छ।

गत वर्ष मूल्याङ्कन नामको एउटा संस्थाले काठमाडौँको त्रिपुरेश्वरस्थित वर्ल्ड ट्रेड सेन्टरको सभाहलमा गर्धनले धान्न पनि

मुस्किल पर्नेगरी फूलका माला पहिऱ्याएर, दामी दोसल्ला ओढाएर देशी झ्याल डिजाइनको फ्रेममा दुई जनाले उचाल्नुपर्ने हेभी ताम्रपत्र हातमा थमाएर साधुरामलाई सम्मान गऱ्यो। त्यहाँ उपस्थित हुनेहरूलाई सम्मानको भव्यता देखेर राम्रो काम गर्नेले राम्रै इज्जत पाउँछ भन्ने प्रमाणको छाप छोड्न सफल भएको थियो। किनभने फूलमालाले सजिएका अबिरले रङ्गिएका साधुराम हेर्न लायकका देखिएका थिए।

साधुरामको विषयमा बोल्ने वक्ताहरूले पनि उनले गरेका राम्रा कामहरूको खुलेरै प्रशंसा गर्दै भने "साधुरामजस्ता व्यक्तिहरूको यो समाजमा ठूलो खाँचो छ।" साधुरामले पनि आफू बोल्ने क्रममा "म यो सम्मानको लायक भइसकेको थिइनँ, तर मूल्याङ्कन संस्थाको अनुरोधलाई अस्वीकार गर्न नसकेरमात्र यो सम्मान ग्रहण गरेको हो। यो सम्मान मेरा टोलबासीको हो। देशका सबै नागरिकहरूको हो।" भन्नेजस्तो अभिव्यक्ति दिएर समारोहमा उपस्थित सबैको हृदयमा बास बस्न सफल भएका थिए।

साधुरामले त्यही अवसरमा आफ्नै नाममा 'साधुराम पुरस्कार गुठी' को स्थापना गर्ने घोषणा पनि गरे। साधुराम गुठीबाट समाजमा उल्लेखनीय काम गरेका तर ओझेलमा परेका व्यक्तिलाई खोजी खोजी अगाडि ल्याउने सम्मान गर्ने। समाज सेवाका क्षेत्रहरू जस्तै : स्वास्थ्य, शिक्षा, कला तथा साहित्यमा योगदान पुऱ्याउनेलाई पुरस्कृत गर्ने इत्यादि कुरा बताएका थिए। उक्त पुरस्कार स्थापनाको निम्ति एउटा कोषको स्थापना गर्ने र सो पुनीत कार्यमा सहभागी हुन चाहनेहरूबाट प्राप्त रकम स-सम्मान ग्रहण गरिनेसमेत सो समारोहमा जानकारी गराइएको थियो।

'साधुराम पुरस्कार गुठी' स्थापना हुने सुनेर उसको असल कार्यको थप प्रशंसा गर्दै समारोहमा उपस्थित महानुभावहरूले आ-

आफ्नो पर्स खोल्दै धमाधम नोट झिक्दै दिन थाले। मेरो छेवैमा बस्ने एकजना दानी व्यक्तिले रू.१०००।- झिकेर दिए। त्यो देखेर मलाई पनि दिउँदिउँ लाग्यो र थैली (कपडाको टुक्रा सिलाएर बनाएको) खोलेर हेर्रें। जम्मा १० रूपैयाँको नोट रहेछ। मनमनै त्यतिबेला आफू यौटा इमानदारी निम्न स्तरको कर्मचारी भएको प्रतिफल भोग्नुपरेको महशुस गरें। पैसा उठाउँदै आएका स्वयम्सेवकलाई त्यो दशको नोट झिकेर दिएँ। उसले मेरो नाम लिस्टमा टिप्यो। मैले नाम नभनिदिन अनुरोध गरें। उसले टाउको हल्लाएर हुन्छ भन्ने सङ्केत गरी मञ्चतिर गयो। स्वयम्सेवकले उद्घोषकलाई कानमा खुसुक्क के भनेर त्यो लिस्ट हातमा दियो। उद्घोषकले माइकबाट मेरोबाहेक पैसा दिनेहरूको नाम र रकम उच्चारण गरिदियो। नाम सुनेर दिनसक्नेहरूले गर्वले छाती फुलाए। दिन नसक्नेहरूले हिनताबोधले टाउको निहुराए।

कार्यक्रम समापनपछि बाहिर निस्कँदा साँझ परिसकेको थियो। पुसको महिना भएकोले छिट्टै अँध्यारो भइहाल्यो। मसँग बस चढ्ने पैसा थिएन। त्यसैले पैदलै बाटो नाप्न थालें। घरमा आइपुग्दा रातको साढे दश बजिसकेको थियो। खुट्टाहरू दुखिरहेका थिए तैपनि मन सिमलको भुवाझैं हलुको र आनन्दित भएको थियो। किनभने थोरै भए पनि राम्रो कामको लागि रकम दान गरेको थिएँ।

एक वर्षपछि साधुरामले पत्रकार सम्मेलन गरी साधुराम पुरस्कार गुठीबाट विभिन्न विधामा पुरस्कार वितरण गरिने घोषणा गरे। रेडियो, टेलिभिजन, दैनिक पत्रिका, साप्ताहिक पत्रिकाहरूमार्फत् जनस्तरसम्म समाचार फैलियो। सबैले साधुरामको मुक्तकण्ठले प्रशंसा गरे। म पनि औधी खुसी भएँ। किनभने त्यो पुरस्कार

वितरण भएको हेर्न म लालायित थिएँ र त्यसदिनको प्रतीक्षा गरिरहेको थिएँ ।

केही दिनपछि म नियमित समयमा कार्यालय जान भनेर महाराजगञ्जको मेलिटरी व्यारेक अगाडि बस पर्खेर बसिरहेको थिएँ । चिन्तामणि (मूल्याङ्कन संस्थाका सचिव) त्यहीँ आइपुगे । मैले उनलाई बडो आदरका साथ दुई हात जोडेर नमस्कार गरेँ । उनले काठमाडौँको समसायिक विषयको कुरा उठाएर गफ गर्न सुरु गरे जस्तै : फोहोरको डङ्गुर, दिनकै बन्द हडताल, खानेपानीको अभाव इत्यादि..... । त्यत्ति नै बेला मैले साधुरामलाई झट्ट सम्झेँ र प्रसङ्ग बदलेर भनेँ "पोहोर साल तपाईको संस्थाले हाम्रो टोलको समाजसेवी साधुरामलाई भव्य समारोहका बीच सम्मान गरेर सहानीय काम गर्नुभयो । मूल्याङ्कन संस्था नामजस्तै व्यक्तिको कामको मूल्याङ्कन गर्न सक्ने क्षमताको संस्था रहेछ । त्यो कार्यक्रमको भव्यता म कहिल्यै बिर्सन सक्नेछैन । यो वर्ष कल्लाई सम्मान गर्दै हुनुहुन्छ ?"

चिन्तामणिले मतिर हेर्दै अलि रिसाएझैँ गरी भने "तपाईको टोलको त्यो साधुराम त धोकेबाज रहेछ बुझ्नुभो ? एक लाख दिन्छु भनेर कार्यक्रम गर्न लगायो । ५० हजार पहिला दिएको पेश्की रकम हलभाडा, ताम्रपत्र, मञ्च सजावट, पत्रपत्रिका, रेडियो, टेलिभिजनवालालाई खाम बाँड्दैमा सकियो । बस रिजर्भ गरेर मान्छे ओसारेको भाडा, क्याटरिङ खर्च, खाजा खर्च, छपाई खर्च तिर्नै बाँकी छ । तिनीहरूले पैसा मागेका माग्यै छन् । आफूचाहिँ लुकी लुकी हिँड्नुपरेको छ । साथीभाइहरू पनि मसँग टाढिदै गइसके । साधुरामको घरमा बाँकी पैसा लिन धाउँदा धाउँदा वर्षदिन बितिसक्यो । झन् जाते आते बसभाडा खर्च थपिँदै गएको छ । ऊ बोल्दै थियो, मैले उसको कुरालाई बीचैमा काटेर भनेँ "साधुराम पुरस्कार घोषणा भइसकेको छ नि, थाहा पाउनुभयो ? उसले अलि झर्केर भन्यो "किन

थाहा नपाउनु नि त्यही पुरस्कार लिनेहरूलाई कोषमा रकम जम्मा गर्न लगाएर मलाई पोहोरको बाँकी दिउँला भन्या छ। पुरस्कार लिने मान्छे खोजिदिनुपर्‍यो भन्दैथियो। कोषको सदस्य हुनेलाई मात्रै उसले सम्मान पुरस्कार दिने रे। रकम पनि चर्कै राखेको छ धूर्तले। संस्थापक सदस्यको लागि ५० हजार, संरक्षक सदस्यलाई २५ हजार, आजीवन सदस्यलाई १० हजार, साधारण सदस्यलाई ५ हजार। साधुराम समाजसेवा, स्वास्थ्यसेवा, पुरस्कार लिने व्यक्ति उसले भेटिसकेको छ रे ! सङ्गीत र साहित्य पुरस्कार लिनेहरू बाँकी छ रे ! तपाइँले चिनेका त्यस्ता कोही सङ्गीतकार साहित्यकार छन् कि ? फेरि यो कुरा कसैलाई नभन्नु है महेश जी ! मैले त तपाई सोझो मान्छे भनेर मात्रै विश्वास गरेर सबै कुरा भनेको, नत्र अरूले त्यस्तो रहस्य थाहा पाए भने 'साधुराम पुरस्कार गुठी' मात्रै होइन, हाम्रो मूल्याङ्कन संस्था पनि धरासायी हुन पुग्छ।

चिन्तामणिका कुरा सुनेर म त छाँगाबाट खसेजस्तै भएँ। सडक वरपरका हरिया रूखहरू पनि खड्गड्ग्रै सुकेका देखेँ। टेकेको जमिन हल्लिएको महशुस गरेँ। मेरो श्रद्धाको शिखरमा भएका साधुराम गुल्टेर बल्ड्याङ खाँदै मेरो गोडामा ठोकिन आइपुगेको आभास पाएँ। म उसको घरमा जाँदा देखेका बैठक कोठाको भित्ताभरी सजाएर राखिएका थरीथरीका सम्मान पत्रहरूले दाँत देखाएर हा हा हि हि गर्दै यतिखेर साधुरामको खिल्ली उडाउँदै हाँसिरहेको झैँ लाग्यो। मलाई त्यही चिच्याउँदै कराएर साधुरामको कर्तुत सबैलाई सुनाउन मन लाग्यो। उसको मखुण्डो उतारेर नाङ्गेझार पारिदिन मन लाग्यो। तर म विवश थिएँ। त्यसो गर्दा त्यहाँ देख्नेहरू सबैले पागल भन्थे मलाई। बस आइपुग्यो चिन्तामणिलाई त्यहीँ छोडेर गह्रुङ्गो मन बोकी म अफिस जाने बसमा चढेँ।

मनोभाव, मंसिर २०६६

कथाभित्रको कथा

गोमा र म वाल्यकालका मिल्ने साथी थियौँ । उसको र मेरो घर नजिकै थियो र उमेर पनि मिल्दो थियो । हामी जहाँ जाँदा पनि सँगसँगै जाने गरेको देखेर सबैजनाले भन्ने गर्थे 'गोमा र मीरा जस्ता पो साथी' ।

समयको चक्रसँगै हामी हुर्किएर किशोरी भयौँ । त्यसपछि जवान भयौँ । हमीलाई भने सधैँ बालखै रहन पाए'नी हुन्थ्योजस्तो लाग्थ्यो । किनभने हाम्रा अभिभावकलाई लाई हाम्रो विवाहको चिन्ता, नातेदार इष्टमित्रलाई केटाको फोटो बोकेर हाम्रो घरमा धाउनको व्यस्तता । गोमा र मलाई बिहेपछि छुट्टिनुपर्ने चिन्ता तर प्रकृतिको नियमलाई कसले रोक्न सक्थ्यो र ?

जतिजना केटाको फोटो देखाउँन ल्याए पनि कसैको नाक नेप्टो, कसैको नाक सुगाठुँडे, कसैका आँखा चिम्सो, कसैको आँखा हान्ने राँगोकोजस्तो ठूलो, कसैको जुँगा मोटो भन्दै यौटा न यौटा खोट लांएर पन्छाउने गर्थ्यौँ । यसपालि गोमाको र मेरो बुबाले हामीलाई सँगै राखेर एकसाथ सम्झाउनुभयो "हेर पहिलेका भन्दा यी केटाहरू तिमीहरूको लायक छन् । घरपरिवार पनि राम्रो छ । तिमीहरूको मित्रता देख्दा विवाह पनि यौटै ठाउँमा होस् भन्ने हाम्रो इच्छा थियो । तर त्यसो हुन सकेन । त्यसैले विवाह भन्ने कुरा लेखेकै पाइन्छ, देखेको पाइदैन । कुभिण्डेभञ्ज्याङ र पोखरा त्यस्तो टाढा पनि हैन । त्यसैले यो पालि आएका केटाहरू नउम्काओ बिन्ती छ भनेर गोमाको हातमा कुभिण्डेभञ्ज्याङ घर भएका दानबहादुरको फोटो र मेरो हातमा पोखरा

घर भएका धनबहादुरको फोटो थमाउनुभयो। गोमाको बुबाले फेरि भन्नुभयो "दिदीहरूको बिहा १३/१४ वर्षको उमेरमै भएको थियो। तिमीहरू १८ वर्ष नाघिसक्यौ। प्रवेशिका परीक्षा पास पनि भयौ। अब हामीलाई धेरै चिन्तामा नडुवाओ।"

गोमा र मैले बुबाहरूको कुरा चुपचाप सुनिरहेका थियौं। उहाँहरूले हाम्रो भविष्यप्रति चिन्ता गरेको देखेर हामीले उहाँहरूलाई केही भन्न सकेनौं। त्यसैले यसपालि आएको कटाको फोटो हेरेर हामीले केही खोट लाएनौं। हाम्रो मौन स्वीकृति पाएर बुबाहरूले हाम्रो विवाहको कुरा छिन्नुभयो। त्यसदिन म गोमाकै घरमा बसें। ऊ र म घरि रूने, घरि हाँस्ने, घरि भावी पतिको बारेमा उट्पट्याङ कुरा गर्ने गरेर नसुतिकनै छर्लङ्गै त्यो रात काट्यौं।

केही दिनपछि शुभ लगनमा झ्याँई-झ्याँई पञ्चैबाजा बजाएर गोमा र मलाई एकैसाथ बिदा गऱ्यो जन्म ठाउँ स्याङ्जा पुतलीबजारले। हामी रूँदै रूँदै पराईघरतिर लाग्यौं।

विवाह पश्चात् गोमा र मेरो भेट हुन सकेन। नौलो घर नौलो परिवेशले हामीलाई अलमल्यायो। वर्षदिनपछि गोमाले छोरी जन्माई भन्ने सुनेकी थिएँ। मैले सुत्केरी साथीलाई भेट्न जान्छु भन्दा धनबहादुरले पठाएन। म त्यस दिन धेरै रोएँ र गोमाको सम्झनालाई मुटुभित्रै साँची राखें।

मेरो लोग्ने धनबहादुर नाम मात्रैको धनबहादुर रहेछ, मन भने साह्रै दरिद्र। उसलाई मेरो इच्छा आकाङ्क्षा सँग कुनै सरोकार थिएन। ऊ ममाथि लोग्नेको अधिकार मात्र जमाउन चाहन्थ्यो। मेरो हाँसो खुसी र मप्रति उसको कर्तव्यको पर्वाह राख्दैनथ्यो। म त नाम मात्रकी उसकी स्वास्नी थिएँ। सासु ससुरा, नन्द देवर पनि घरमा काम गर्ने मान्छे छँदाछदै मबाटै सेवा लिन चाहन्थे। बिहान उठेदेखि राती नसुतेसम्म काम

मात्रै गर्नुपथ्यो । कतै जानु, कसैसँग बोल्न पनि पाइदैनथ्यो । म पिँजडामा थुनिएकी चरीजस्तै भएकी थिएँ त्यो घरमा ।

डेढवर्ष जति पछि मेरो कोखबाट पनि छोरो जन्मियो । धनबहादुरलाई मैले सन्तान जन्माएकोमा खुशी थिएन । ऊ टन्न रक्सी पिएर राती घर अबेर आउँथ्यो । मूढो लढेझैँ भित्तातिर फर्केर लड्थ्यो र बिहान सबेरै उठेर बाहिर जान्थ्यो । हाँसीमजाक ख्यालठट्टा गर्नु त परै जाओस् ऊ मसँग बोल्न पनि गाह्रो मान्थ्यो । मानिसलाई बाँच्न खानु र लाउनु मात्र सबैथोक हैन । उसलाई त आफन्तको माया, ममता र स्नेहको पनि आवश्यक पर्छ । दाम्पत्य जीवनमा लोग्ने र स्वास्नीबीचको "प्रेम" आपसमा बाँधिराख्ने एउटा बलियो डोरो हो । हाम्रो सम्बन्धमा त्यही डोरोको कमी थियो । मप्रति उसले देखाएको व्यवहारले मलाई गहीरो पीडा मात्र दिएन, उप्रति सजग पनि गरायो । मैले उसको चियोचर्चो गर्न थालेँ । ऊ बिहानै उठेर कहाँ जान्छ ? के गर्छ ? सबैकुरा बुझ्न थालेँ । बुझ्दै जाँदा महेन्द्रपुलमा छोराछोरीसहितकी यौटी थकाली थरकी स्वास्नी रहिछे धनबहादुरको भन्ने पत्ता लाग्यो । मैले उसैको मुखबाट ती कुराको पुष्टि गराउन खोजेँ र सोधेँ "तिमीले यौटी स्वास्नी छँदाछँदै मलाई बिहे गरेर मेरो जिन्दगीसँग किन खेलवाड गर्‍यौ ? किन मलाई बर्बाद पार्‍यौँ ? भन । मैले तिम्रो के बिगारेकी थिएँ ?

उसले भन्यो "बुबाआमाले जात नमिल्ने बुहारी हामी स्वीकार्दैनौँ भनेर ईशालाई पस्नै दिनुभएन । आफ्नै जातको बुहारी चाहिन्छ भनेर दिनदिनै कचकच गर्नुभयो, त्यसैले तिमीसँग बिहा गर्न बाध्य भएँ ।" धनबहादुरले फेरि भन्यो, "खान लाउन दिएकै छु । चाहिएको खर्च गर्न पैसा दिएकै छु चूप लागेर बस । मसँग धेरै बोल्ने हैन नत्र भने ..... ।" मैले पनि जङ्गिएर भने "नत्र भने के ? के गर्छौ ? मैले तिमीलाई खोज्दै आएकी हैन । तिमीले नै मेरो बुबासँग मेरो हात मागेका हौ । त्यतिबेला

स्वास्नी छ भनेर किन भन्न सकेनौ ? धोका दिने धोकेबाज।" उसले मलाई आँखा तरेर हेऱ्यो र नबोली बाहिर गयो।

त्यस दिन मैले खुब सोचें "उसको आशमा जिन्दगी सडाएर फ्याँक्नुभन्दा आफ्नो खुबीले छुट्टै पहिचान बनाउनु पर्छ।" अधुरो रहन गएको पढाईलाई अघि बढाउने उद्देश्यले भोलिपल्टै पृथ्वीनारायण कलेजमा भर्ना भएर आइ.कम. मा अध्ययन गर्न थालें। आई.कम. को फाइनल परीक्षापछि मैले धनबहादुरमाथी अंशमुद्दा हालें। घरपरिवारले पनि मलाई साथ दिए। अंशवापत् पाएको रकमले चिप्लेढुङ्गा पोखरामै रेडीमेड कपडाको पसल खोलें। दुईजना महिलालाई सहयोगीको रूपमा राखेर रोजगारी दिएँ। पढाईलाई निरन्तरता दिँदै जाँदा बी.कम. पनि उत्तीर्ण गरें। पसलबाट राम्रै आम्दानी भयो। समय निकालेर समाजसेवामा पनि लागें। पोखराका प्रायः मानिसहरूले मलाई चिन्न थाले। बैंकबाट लोन लिएर चाउचाउ फैक्ट्री खोलें। त्यसबाट आम्दानी भएको रकमबाट तीन प्रतिशत रकम गरीब तथा जेहेन्दार छात्राहरूलाई छात्रवृत्ति र बेरोजगार महिलालाई सानोतिनो पसल खोल्न मद्दत गरें। अहीले पोखरामा मलाई यौटा उद्योगी र समाजसेवीका रूपमा सबैले चिन्छन्। छोरो अमीर श्रेष्ठ हुर्किएर अमेरिकामा उच्चशिक्षा हासिल गर्दैछ।

धनबहादुरलाई पहिले धन र बलको घमण्ड थियो, जाँड रक्सी खाने, जुवातास खेल्ने गर्थ्यो त्यसैले छिट्टैनै मुटु र कलेजोको रोग लाग्यो। उपचार गराउँदा गराउँदा सम्पत्ति पनि सक्यो। एकदिन मसँग पनि उपचारको लागि पैसा माग्न आयो 'लाज नभएको, नकचरो। गरीब, दुःखी र बिरामी भनेपछि अरूलाई त सहयोग गर्थें भने उसलाई किन नगर्ने ! भन्ने विचार मेरो मनमा आयो। मलाई उसको अवस्था देखेर दया पनि लाग्यो। जे भए पनि सिउँदोमा सिन्दुर हालेर घरमा भित्र्याएको लोग्ने थियो ऊ। म आफैले उसलाई भारतको एपोलो अस्पतालमा लगेर भर्ना गराएँ। अपरेशन पनि सफल भयो। ऊ राम्ररी बोल्न सक्ने भएपछि

उसले मेरो हात समाएर भन्यो "जिन्दगीमा जल्लाई मैले धेरै दु:ख दिएँ, धोका दिएँ, आज उसैले मेरो ज्यान बचाइदिने यो कस्तो विडम्बना। मीरा ! तिमी त साक्षात् देवी रहिछौ। मैले तिमीलाई यौटी अवला नारी मात्र सम्झेको थिएँ। पुरूषविना आइमाईको जीवन अधुरो हुन्छ भन्ने ठानेको थिएँ। तिमीले त मेरो साथ नपाउँदा पनि आफूलाई धेरै माथि उचाईमा पुऱ्याउन सफल भयौ। समाजमा आज मलाईभन्दा तिमीलाई बढी इज्जत गर्छन् र सम्मानको दृष्टिले हेर्छन्। मैले तिमीलाई बुझ्न नसकेकोमा क्षमा माग्छु। मलाई माफ गरिदेऊ। अब मलाई तिम्रो साथ चाहिन्छ। म बाँचेको हेर्न चाहन्छौ भने आफ्नो साथैमा राख।"

मैले एकपटक उसको अनुहारतिर हेरें उसका गहभरि आँसु टलपलाएका थिए। पहिलेजस्तो मलाई हप्काउने दप्काउने धनबहादुर थिएन ऊ। बिलकुलै असक्त, निरीह देखिन्थ्यो। मैले चित्त दुखाउन चाहिन र उसलाई आश्वस्त पार्दै भनें "म तिमीदेखि टाढा गएकी नै कहाँ छु र ! सधैं तिम्रै साथमा त छु नि। अब छिटो निको होऊ अनि सँगै बसौंला। करिब तीन महिना लामो उपचारपछि मैले उसलाई पोखरा फर्काएँ। हामी आउने थाहा पाएर ईशा र उनका छोराछोरीहरू एयरपोर्टमा आएका रहेछन्। उनीहरूले धनबहादुरलाई प्लेनबाट ओर्लेको देख्नासाथ उसको हात समाती ट्याक्सीमा राखे। उसले मतिर हेरिरह्यो तर जान्न भन्न सकेन। मैले पनि उसलाई नलैजाऊ भन्न सकिनँ। त्यसपछि उनीहरू महेन्द्रपुलतर्फ लागे र म पनि एउटा गरूँङ्गो मन बोकेर आफ्नो निवासतिर लागें।

एक दिन मलाई गोमाको साह्रै याद आयो। मोटर लिएर हुइँकिदै कुभिण्डेभञ्ज्याङ पुगें। सोधिखोजी घर पत्ता लगाएँ। दुब्ली, पातली, तिलचामले कपाल, गाला चाउरी परेकी गोमालाई देखेर खिन्न भएँ। उसले मलाई देख्नासाथ गम्लङ्ग अँगालो मारेर रोई म पनि रोएँ। हाम्रो विवाह भएको २२ वर्षपछि बल्ल-बल्ल भेट भएको थियो। मनमा

सम्झना साँचिरह्यो भने कुनै न कुनै दिन भेट हुन्छ भनेको साँच्चै रहेछ । म उसको दलानमा राखेको खाटमाथि थ्याच्च बसें र भनें "गोमा के छ तेरो हालखबर सुना न" उसले आँखाबाट बरबरी आँशु झार्दै भनी "दानबहादुर नामजस्तै दानी रहेछन् । जसले जे मागे पनि नाइँ भन्नैनसक्ने रहेछन् । जागिरको तलब बाटोमै सकेर खाली हात घर फर्कने, साथीहरूलाई खुवाउन पाए दङ्ग पर्ने । घरमा स्वास्नी छोराछोरीको मतलबै नगर्ने । साथीहरू पनि त्यस्तै छन् । उसको गोजी नरित्याएसम्म पछि लागिरहन्छन् ।" 'सोझो सीदा मान्छेलाई त यो जमानामा बाँच्नै कठीन पर्दोरहेछ ।

यहाँ बसेर तिनले केही उन्नति गर्लानजस्तो लगेन र ऋण खोजेर भए पनि विदेशतिर पठाइदिएँ पैसा कमाएर ल्याउँछन् कि भनेर । तिनको बानी थाहा पाउनेले त्यहाँ पनि लुट्न छोडेनन् । चार वर्षपछि घर फिरे, यहाँ आएर पनि एक जनाले आफ्नो घरको हत्ते देखाएर पैसा ठग्न सफल भए । जे जति रकम बाँकी थियो त्यसमा मेरो गहना बेचेर थपथाप पारी अंशमा परेको जग्गामा घर बनाएँ । बुबाले पनि केही रकम थपिदिनुभयो । सासुससूराको निधनपछि चार दाजुभाइ छुट्टिएर भएको जग्गा चार चिरा परेका थिए । त्यसैमा आफ्नो अंश भागमा परेको जग्गामा घर बनाएको भए पनि माइला जेठाजुले हाम्रो घरअगाडीको जग्गा कब्जा गरे । त्यतिले पनि नपुगेर आफू र कान्छो छोरासमेत भई भाइलाई कुटपिट गरे । जेठानीले तथानाम दुर्वचन बोलिन् तैपनि दाजु भाउजूलाई दानबहादुरले केही पनि भन्न सकेनन् । मैले अन्याय सहन सकिनँ । नापी अड्डामा उजुरी दिएर जग्गा छुटाएँ । पछि त्यही जग्गा पनि अर्कैले बेचिदिन बैना गरेछन् । मैले थाहा पाएँ र बैना फिर्ता गराएँ । सबै जनाको अगाडि मै नजाति हुनुपऱ्यो । दानबहादुरको सोझोपनको फाइदा उठाउन कसैले बाँकी राखेनन् । अरूको घरको समस्या देख्ने आफ्नो चुलोको समस्या नदेख्ने, अति उदारवादी यो जमानाका मानिसहरूको भन्दा बिल्कुल्लै

फरक सत्य युगीन स्वभावका रहेछन् उनी। जमानाअनुसार चल्न सक्नुपर्छ मानिसले। होइन भने त्यो व्यक्तिले आफू त दुःख पाउँछ पाउँछ, उसको परिवारले पनि दुःख पाउँछ। मलाई नै हेर न "घरधन्दा गर आफै, छोराछारीको पढाइ हेर आफै, बाहिरफेर व्यवहार हेर आफैं, त्यसमाथि स्कूलको ड्युटी कता कता मात्रै हेर्न भ्याउनु ? पढाइ पनि प्राइभेट परीक्षा दिएर आई.ए.सम्म पास गरें बी.ए. मा व्याक लाग्यो अब एउटा विषय क्लियर गर्न बाँकी छ।" तँलाई गफैमा भुलाएँ एकछिन बस्तै गर है ! खाजा लिएर आउँछु, भनेर गोमा भित्र पसी। मैले अतीतलाई सम्झिन थालें। स्मृतिका पानाहरू एकएक गर्दै मेरा अगाडि पल्टिन थाले।

'हामी सानो छँदा कति खुशी थियौं सुखी थियौं विवाहपश्चात् नानाथरिका व्यवहारिक झमेला, चिन्ता र पीरले थिचेको थिच्यै छ। सोझो लोग्ने परेर गोमा खुसी छैन। बाठो लोग्ने परेर म सुखी छैन। जे गर्दा पनि नहुने। सधैं सुखको खोजीमा मनभरी मृगतृष्णा बोकेर रातदिन दौडेकोदौड्यै गर्नुपर्ने। मान्छेका यो कस्तो जिन्दगी ? थालभरी भुटेका मकैको फूल गिलासभरी मोही लिएर गोमा बाहिर आई। मैले आम्मै ! कति छिटो मकै भुटेकी ? भनें। उसले भनी "एकैचोटी धेरै मकै भुटेर प्लाष्टिकको झोलामा राख्छु अनि चाहींदा झिक्ने गर्छु। खाजा खाँदा चार बजीसकेको थियो। मैले घडी हेर्दै भने "अब जान्छु है ?" उसले भनी "पर्खी न एकछिन बस, कत्ति वर्षपछि बल्ल भेट भएका छौं। मैले त मेरा सबै कुरा तँलाई सुनाएँ। तेरो के छ भन् न ?" धनबहादुर त बेस्सरी धनी छन् रे ! भनेको सुनेकी थिएँ तँलाई खुब माया गर्छन् होला नि ? तेरो जीउडाल र मोटर हेर्दा पनि त्यस्तै लाग्छ। आफू त यस्तैमा परियो, कहिल्यै जिउ लाग्नै सकेन। मैले आफ्नो कथाभित्रको कथा सुनाएर गोमालाई दुःखी बनाउन चाहिनँ। आज मलाई जान दे कुनै दिन आएर सुनाउँला भनेर म उसँग छुट्टिएँ।

नवप्रज्ञापन, बैशाख २०६७

तृप्ति

"तिम्रा आँखा मृगकाजस्ता राम्रा छन् । तिम्रा दाँत अनारदानजस्ता टमक्क मिलेका छन् तिमी कति राम्री ! स्वर्गकी अप्सरा जस्ती !" मनबहादुरले सेतीको रूपको मनभरी प्रशंसा गरे सेतीले पनि आफ्नो प्रशंसा सुनेर खुशी हुँदै भनी "छ्या ! तिमी पनि कम्ता राम्रो छैनौ नी ! सलक्क परेको ठूलो निधार छ, चौडा छाती छ, मोहनी आँखा छ, मलाई लठ्ठ्याउने बोली वचन छ ।" "के-के भन्यौ ? फेरि भन त" भनेर मनबहादुरले सेतीको चुल्ठो तानिदियो । सेती मनबहादुरलाई हेरेर मसक्कै मस्किई ।

सेती ३ वर्ष पहिले अपाङ्ग संस्थामा भर्ना भएकी थिइन् भने मनबहादुर भर्ना भएको दुईवर्ष भएको थियो । सेती, मकवानपुर, हेटौँडा साहिँला कामीको घरमा जन्मिएकी थिइन् । साहिँला कामीको ६ वटा छोरीहरूमध्ये माइँली छोरी सेती जन्मै अपाङ्ग थिइन् । दुईवटै गोडा लुला । ढाडमा डल्लो उठेको घिस्रेर हिँड्ने गर्थिन् । गरीब भए पनि साहिँला कामी जाँगरिला थिए । आरनमा फलाम पिटेर भाँडा बनाई बेचेको आम्दानीले छोरीहरूको भरण पोषण गर्थे । कान्छी छोरी जन्मेको वर्षदिन नहुँदै कमिनी बितिन् । तिनको जीवनमा ठूलो बज्रपात पऱ्यो । अर्को बिहे गरे छोरीहरूलाई हेला होला भनेर बिहे पनि गरेनन् । तिनै छोरीहरूलाई सर्वस्व ठाने । अरू छोरी त हिँड्डुल गर्न सक्ने भएकोले खासै समस्या थिएन । तर

माइँली छोरी सेतीको ठूलो चिन्ता थियो। आमा नभएकी टुहुरी मेरो शेषपछि कसले हेरविचार गर्ला भनेर पिरोलिइरहन्थे।

दिन बित्दै जाँदा छोरीहरू हुकिदै गए। सद्दे भएका तरूनी छोरीलाई माग्न आँउथे तर सेतीको नाम लिँदैनथे। जेठी, साइँली, काहिँली र अन्तरी चारैजना छोरीको आफ्नो गच्छेअनुसार बिहे गरिदिए। अब माइँली र कान्छी बाँकी रहे। साहिँला कामीको घट्दो उमेरले गर्दा बल पनि घट्दै गयो। काममा सघाउने छोरीहरू पनि घरघर गए। तिनी ज्यादै चिन्तित हुन थाले। सोच्थे अब एक दुई वर्षमा कान्छीको पनि बिहे हुन्छ। म मरँ भने सेतीको के हाल होला ? हे प्रभु ? तिमीले मलाई यो कुन जुनीको पापको सजाय दियौ ? भनेर एक्लै घरमा रून्थे। जोसँग पनि सेतीको कुरा गर्थे। त्यस्तैमा एक दिन हेटौँडाको एकजना मान्छेले काठमाडौँमा अपाङ्गहरू राख्ने संस्था छ भन्ने सुनेको छु, त्यहाँ लैजाऊ भने। साहिँला कामीले अलिकति खर्चको जोहो गरेर घरबाट सेतीलाई बोकेर निस्के। काठमाडौँ आइपुगेपछि सोधी खोजी गर्दा तीन दिनपछि बल्ल बल्ल ठाँउ फेला पारे। तर कसैले सिफारिस चाहिन्छ भने, कसैले माथि सोध्नुपर्छ भने, कसैले समाज कल्याण मन्त्रालयबाट पत्र ल्याऊ भने। बूढो शरीरले छोरीलाई बोकेर घरी कता धाउने घरी कता गर्दागर्दै भएको खर्च पनि सकिदै गयो। हप्तादिन पनि बित्यो तर गरीब दुःखीको पीडा बुझ्ने मान्छे भेटिएन। जहाँ पनि सोर्स फोर्स र धनकै बोलवाला भएको काठमाडौँ शहरमा तिनले मानवताको कुनै मूल्य भेटेनन्। पसिनाले निथ्रुक्क भिजेको शरीर पिठ्युँमा छोरी, तिनलाई साह्रै गाह्रो भयो र त्रिपुरेश्वरको सडकपेटीमा थ्याच्च बस्न पुगे। रात छिप्पिदै गयो, साथमा भएको खानेकुरा सेतीलाई ख्वाएर त्यही एउटा कुनामा आफूले ल्याएको कम्मल ओछ्याएर सेतीलाई सुताए। साहिँला कामीको

मनमा रातभरी कुरा खेलिरह्यो। सेतीलाई घर लानु कि छोड्नु भनेर धेरै सोचे। अन्तमा छोडेरै जाने निर्णय गरी निदाइरहेकी सेतीलाई टाउकोदेखि खुट्टासम्म मुसारी उज्यालो हुनुअघि नै त्यहाँबाट रूँदै हिँडे।

भोलिपल्ट सडकपेटीमा एक्लै रोइरहेकी सेतीलाई देखेर नगरप्रहरीले सोधपुछ गरे। सेतीले सबै कुरा साँचो-साँचो बताइन्। सेतीको मीठो स्वर नढाँटी बोल्ने बानीदेखि प्रभावित भएर तिनलाई नगर प्रहरीले अपाङ्ग संस्थामा भर्ना गरिदिएका थिए।

भनबहादुरको घर रामेछाप थियो। ऊ पनि गरिबीकै कारण १२ वर्षकै कलिलो उमेरमा काठमाडौँ छिरेका थिए। पाँच वर्षसम्म एउटा होटलमा भाँडा माझे, पछि पुरानो बसपार्कदेखि बनेपा चल्ने मिनिबसमा काम पाए। बस राम्रो चलेको थियो। खचाखच यात्रु भरिन्थे। एकदिन भक्तपुर सल्लाघारीमा विपरीत दिशाबाट आएको अर्को गाडीले ठक्कर दिँदा दुर्घटनामा परी चारजना मान्छे घटनास्थलमै मरे, अरू सबै घाइते भए। मनबहादुर होसमा आउँदा आफूलाई वीर अस्पतालको बेडमा पाए। जीउ करकरती दुःखिरहेको थियो। बायाँ हातबाट स्लाइनपानी चढाइएको थियो। उनी विस्तारै दायाँ कोल्टे फेर्ने कोशिस गरे, तर उनले फरक महसुस भएर दायाँ हातले गोडा छाम्न पुगे। दुवै गोडा भेटिएनन्। उनले सिस्टर ! भनी बोलाएर सोधे 'मेरा गोडा खोई ?' नर्सले भनिन्- "कामै नलाग्ने गरी किचिएको रैछ काटेर फ्यक्नुपऱ्यो"। मनबहादुर अस्पतालै थर्कने गरी चिच्याएर भक्कानिदै रोए। नर्सले सम्झाउने कोसिस गरिन्, तर उनी झन् डाँको छोडी-छोडी रोए, रोइरहे। नर्सले डाक्टरलाई बोलाएर ल्याइन्। डाक्टरले निन्द्रा लाग्ने इन्जेक्सन् दिएपछि चूप लागेर निदाए। औषधीको

प्रभाव छउन्जेल निदाउँथे, ब्यूँझनासाथ सुँक्क सुँक्क गरी रून थाल्थे मनबहादुर ।

तीन महिनापछि मनबहादुरको घाउ ओबानो हुँदै गयो । नर्सहरूले ह्वील-चियरमा राखेर वार्ड भित्रै र प्यासेजमा डुलाउँथे । बिस्तारै आफैले ह्वीलचियर गुडाउन सिके । एकवर्ष वीर अस्पतालमै बितिसक्दा पनि मनबहादुरका आफन्त कोही भेट्न आएनन् । बरु बसमा पहिले यात्रा गर्नेहरू थाहा पाएजति आएर फलफूल, खानेकुरा, पैसा दिने गर्थे, र नआत्तिऊ हामी छौं भनी ढाडस दिन्थे । तिनीहरूले भनेको सुनिन्थ्यो "कन्डक्टर मनबहादुर साह्रै फुर्तिला थिए । फटाफट यात्रुलाई बसमा चढाउने, ओराल्ने सिटको व्यवस्था गर्ने गर्थे । कसैलाई नराम्रो व्यवहार गर्दैनथे । मीठो बोल्ने । भर्खरको खाउँ-खाउँ लाउँ-लाउँ उमेरमा त्यस्ता भया बिचरा.....।

मनबहादुरलाई आफन्तकोमा पठाउने ठाउँ नदेखेपछि वीर अस्पतालका डाक्टरको सिफारिसमा मनबहादुरलाई अपाङ्ग संस्थामा भर्ना गरिएको थियो । उनी त्यहाँ गएको दिन संस्थामा आवास सुविधा पाइरहेका अपाङ्गहरू वरिपरी झुम्मिन आए । त्यसमा सेती पनि थिई । "सेतीले तपाईको नाम के हो ?" भनेर सोधी । "मनबहादुर" उसले भन्यो । सेतीलाई मनबहादुर भन्ने नाम असाध्यै राम्रो लाग्यो । कति राम्रो नाम रैछ भनी र खितितिति हाँसी सेती । मनबहादुर लाजले केही बोलेन ।

वार्डेन बृन्दाले नयाँ भर्ना भएका मनबहादुरलाई कोठा नं. ४ को वेड नं. ७ मा बस्न भनिन् । अरू अपाङ्गहरू आ-आफ्नो कोठामा गए पनि सेतीचाहिँ मनबहादुरको पछि-पछि ४ नं. कोठामा पुगिन् । सेतीले मनबहादुरलाई देखेपछि मन भित्र-भित्रै मन पराउन थालिन् । नपराउन् पनि किन ? मनबहादुर भर्खर २२ वर्षका लक्का जवान

थिए । उज्यालो मुहार चौडा छाती कुनै वीर पराक्रमी पुरूष जस्तो देखिने । लोभलाग्दो जीउडाल थियो । सेतीले कुरा गर्ने निहुँ निकालेर भनी "तपाई यहाँ भर्खरै आउनुभएको बोर लाग्यो कि ? लागेको छैन मनबहादुरले भने । आउनुस् न बस्नुस् । सेती गफ गर्न सिपालु थिइन्, त्यसमा पनि तिनको स्वर कोइलीकोजस्तो सुरीलो मीठो थियो । करीब एक घण्टाजति कुरा गरिसकेपछि टिनीनीनी..... घण्टीको आवाज आयो । सेतीले भनी "साँझको खाना खान बोलाएको घण्टी हो जाउँ खान" । मनबहादुरले यति छिट्टै खाने र ? भने । सेतीले यहाँ त साँझ पर्नुअगाडी नै खाना खाने र रात पर्नु अगाडि नै आ-आफ्नो ओछ्यानमा जाने नियम छ । बिस्तारै थाहा पाइहाल्नु हुन्छ नि ! भनिन् ।

सेती र मनबहादुर एउटै टेबुलमा खाना खाए । सेतीले सोधिन् "तपाईलाई यहाँको खाना मीठो लाग्यो ? मनबहादुरले मीठो छ भने । सेतीको ट्याउँ-ट्याउँ बोलिरहने बानी यहाँका सबैलाई थाहा थियो, त्यसैले अरूहरूले चुपचाप खाइसकेर गए । त्यो रात मनबहादुरलाई पटक्कै निन्द्रा लागेन । नयाँ ठाउँ, नौला मान्छे, नयाँ ओछ्यान त्यसमा पनि त्यो सेतीको हिस्सी परेको मुहारको प्रतिविम्ब आँखा वरिपरी नाचिरह्यो । मनबहादुरलाई सेती औधि नै मन पऱ्यो

सेती र मनबहादुर बस्ने कोठा अलि परपरै थियो । तापनि खाने ठाउँ एउटै भएकोले साँझ बिहान आमने सामने हुन्थे र एउटाले अर्कोलाई मनभरी हेरिरहन्थे । अलि मीठो तरकारी भएको बेलामा सेतीले आफ्नो थालबाट झिकेर मनबहादुरको थालमा राखिदिन्थिन्, मनबहादुरले सेतीको भागमा राखिदिन्थे । त्यसो गर्दा जुठो चोखोको समेत ख्याल हुँदैनथ्यो । दिन बित्दै जाँदा तिनीहरू एकले अर्कोलाई नबाँडी एउटा सुपारीको टुक्रा पनि खान नसक्ने भए ।

समय मिल्यो कि सेती मनबहादुरको ह्वीलचियर नारिएर बसेको देखिन थाल्यो। त्यहाँका अपाङ्गहरूले वार्डेन वृन्दालाई भए नभएको कुरा लगाए। सेती र मनबहादुरको अनैतिक सम्बन्ध छ सम्म भने। तर एक शब्द बोल्नुअगाडि केही बेर सोचेर मात्र बोल्ने बृन्दाले तिनीहरूको कुरामा ध्यान दिइनन्। तिनी मनोविज्ञानमा स्नातक, नरम मिजासकी थिइन्। अपाङ्गहरूको मन कमलो हुन्छ। तिनीहरूसँग बोल्दा होस पुऱ्याउनुपर्छ भन्ने बुझेकी थिइन्। सानोतिनो कुराले पनि तिनीहरूको मनमा ठेस पुग्न सक्छ भनेर सतर्क हुन्थिन्। आखिरमा अपाङ्गहरू पनि मानिस नै हुन्, मन हुन्छ, कल्पना हुन्छ, सपना हुन्छ भन्ने जानेकी थिइन्।

सेती र मनबहादुर कम्पाउण्ड भित्रको चउरमा भएको रूखमुनि गर्मीलाग्दा छहारीमा जाडोलाग्दा घाममा दिनभरी गफ गर्दै ठट्टा गर्दै बसेको देखिन थाल्यो। सेतीले स्वीटर बुन्ने तालिम पाइसकेकी थिइन्। त्यसैले मनबहादुरलाई पनि बुन्न सिकाइन् २,३ दिनमा एक-एकवटा स्वीटर तयार गर्थे। आम्दानी राम्रो थियो। आफूले कमाएको रकममध्ये आधा पकेट खर्च राखेर आधा संस्थाको कोषमा जम्मा गर्थे।

एक दिन मनबहादुरले सेतीलाई भने "हेर ! म सद्धे भएको भए तिमीलाई बसमा चढाएर कहाँ-कहाँसम्म पुऱ्याउँथे"। सेतीले उसको हात समाउँदै भनीन् "मेरो लागि तिमी सद्धे नै छौ। कुनै देशको राजकुमारभन्दा कम छैनौं। बसमा चढाएर घुमाउन लगेको भए काहीं न काहीं पुगेर रोकिनुपर्ने नै थियो, तर तिम्रो हृदयको बसमा यात्रा गर्न पाउँदा जीवन रहेसम्म रोकिनुपर्ने छैन। सँगै डुलिरहेका हुनेछौं।

सेतीका रसिला कुरा सुनेर मनबहादुरले तिमी कति जाति छ्यौ भन्दै आफ्ना दुवै हातले सेतीको टाउको च्याप्प समातेर तिनको

निधारसँग आफ्नो निधार जुधाए, धेरैबेरसम्म जुधाइरहे । धीत मरून्जेल जुधाइरहे । ती दुई प्रेमी प्रेमिकाको शरीर अलग-अलग ह्वीलचियरमा भए पनि दुवैजनाको मुटु एउटै भएर टाँसिएको थियो । एकले अर्कोलाई प्रेमको रस वर्षाएर निश्चुक्कै भिजाएका थिए । कल्पनाको एउटा नौलो संसारमा पुगेर आफ्ना साना नानीहरूसँग खेल्दै सेती मनबहादुरले आनन्द र सुखको तृप्ति पाइरहेका थिए ।

नारीस्वर, चैत्र २०६५



अहङ्कार

"अन्जु ! तिमी पहिले खाना खाऊ । बट्टामा खाजा राखिदिएकी छु, लान नबिर्सनू कलेजमा भोक लाग्ला । मैला लुगाहरू झिकेर कोठाको ढोका बाहिर राखिदेऊ, दिउँसो गाई चराउँदै कुवामा लगेर धुन्छु सुकेपछि आइरन गरेर राखिदिउँला । धनमायाले बुहारीलाई दैनिकजसो भन्ने गरेका शब्दहरू हुन् ती ।

धनमायाले बुहारी अन्जुलाई औधि माया गर्थिन् । एसएलसी मात्र पढेकी बुहारी भित्र्याएकी धनमायाले बी कमसम्म पढाइन् । बुहारी युनिफर्म लगाएर व्याग बोकी क्याम्पस गएको आँगनको डिलबाट खुसी हुँदै देखिइन्जेल हेरिरहन्थिन् र सन्तोषको सास फेर्थिन् । आफूले पढ्न नपाए पनि बुहारीलाई पढाएर धोको पूरा गर्ने इच्छा गरेकी थिइन् धनमायाले ।

छोरो हुर्काउन पनि कम्ता दुःख गरिनन् । पति रामभक्त बरालका तीन दाजुभाइ थिए । उनीहरूको घर धुम्बाराहीमा थियो । पछि अंशवण्डा गरी छुट्टिएर आ-आफ्नो परिवारसाथ बस्न थाले । केही महिनापछि नै रामभक्तलाई क्षयरोग लाग्यो । सानो छोरो जनक भर्खरै ५ बर्षको थियो । भान्छा, खेतीपाती, बच्चाको स्याहार, गाईको हेरविचार एक्लै गर्नुपर्थ्यो धनमायालाई । बिहान दुईबजे देखिकै उठेर पानी ल्याउनु, घरको धन्दा गर्नु, दिनभरी खेतबारीको माटोको डल्लासँग पौठेजोरी खेल्नु, राती अबेर सुत्नु तिनको दैनिकी थियो ।

दुई बर्षपछि रामभक्त परलोक भए। क्षयरोगको उपचार नगरेको त होइन नी, लुकीलुकी चुरोट र रक्सी खाइदिनाले औषधीको प्रभाव पर्न सकेन। धनमायाले कामको व्यस्ततामा गर्दा सँगै बसेर हेरविचार गरिरहन पनि पाइनन्। धनमायाको जीवनमा ठूलो बज्रपात पऱ्यो। काम गर्न नसक्ने भए पनि आफ्नो पति तिनको लागि सर्वस्व थियो। जीवनको आधार थियो। तिनी धेरै रोइन्। डाँको छोडी छोडी रोइन्। अब बाँचेको के सार भनी पासो लाएर मर्न मन लाग्यो, फेरि तामाको मुनाजस्तो छोरो जनकलाई सम्झिएर आत्महत्या गर्नबाट रोकिइन्।

जनक सानोमा साह्रै ज्ञानी थियो। आमालाई कहिल्यै दुःख दिँदैनथ्यो। जे खान दिए पनि कुपुकुपु खान्थ्यो। पढाइमा पनि तेज थियो। एसएलसी पास गर्नासाथ लोकसेवाबाट खरदारमा नाम निकाल्यो। जागिर खाँदै पढ्दै गरेर एम. कम. पास गऱ्यो। आमालाई काममा पनि सघाउँथ्यो। तलब पनि आमालाई नै राख्न दिन्थ्यो। आमाको दुःख बुझ्नेको थियो उसले। छर छिमेकी इष्टमित्र पनि जनकको प्रशंसा गर्थे। योग्यताको साथसाथै प्रमोशन भएर अन्तःशुल्कको हाकिम भयो। धनमायाको भाइले दिदीलाई काममा सघाउनुहुन्छ भनेर काँडाघारीको किसान गजुरेल परिवारकी कन्या अन्जुसँग भानिज सुब्वा छँदैमा विवाह गराइदिएका थिए। अन्जु खेतीपाती गर्न जाँगरिली थिइन् तर धनमायाले नै पढाउनुपर्छ भनेर कैहिल्यै काम गर्न लगाइनन्। अन्जुले पनि पढाईमा मेहनत गरेर बी कम उत्तीर्ण भइन्। राष्ट्र बैंकको अधिकृत पदमा प्रतिस्पर्धाबाट जितेर नाम निकालिन्।

भोलिदेखि बुहारी पनि जागिरे हुनेभइन् भनेर धनमायालाई अति हर्ष लाग्यो। बिहान सबेरै उठेर पानी ल्याइन्, दैलो पोतिन् र ढोकाको दुवैतिर कलसमा फूल राखिन् छिटो छिटो खाना बनाइन्।

छोरा बुहारी अफिस जान ढोकामा निस्कनुपहिले थालीमा अक्षताको टीका कचौरामा दही लिएर नाङ्लो जत्रो छाती पारी पर्खेर बसिन्। एकछिनपछि अन्जु र जनक अफिस जान निस्के। धनमायाले हातमा टीका लिएर बुहारीको निधारतिर हात बढाइन्, छ्या.... आमा पनि दशैँमाजस्तो के टीका लाइदिन लाको होला ? लाउँदिन म त भनिन्। धनमायाले यो सगुन खाऊ भनेर दहीको कचौरा उठाइन्। खान्न मेरो लिपिष्टिक बिग्रन्छ भनिन्। जनकले दिनु आमा म खान्छु भनेर दही खाए र टीका पनि लाइदिनुस् भने। अन्जुले खिसी गर्दै भनिन् उफ् ! आमा छोराको नाटक।

धनमायालाई दिनभरी नरमाइलो लागिरह्यो। अन्जुको व्यवहारले तिनको मनमा ठेस पुग्यो र सबै जाँगर मरेर आयो। जीवनमा पहिलोचोटी यस्तो अनुभव गरेकी थिइन् धनमायाले। तैपनि छोरोको मुख हेरेर चित्त बुझाइन्। हप्तादिन जतिपछि शनिबार थियो। अन्जुले साथीहरूलाई खानाखान बोलाएकी थिइन्। अन्जुका साथीहरू पिँढीभरी जम्मा भए। अन्जुले सासुलाई चिया ल्याउन भनिन्। धनमायाले बिस्कुट चिया ल्याइदिइन्। सबैजनाले कतिमीठो चिया भन्दै खाए। अन्जुले घरकै गाईको पियोर दूध हालेर बनाको नि भनिन्। सबैजना हाँसी हाँसी खाए। अन्जुले साथीहरूलाई सासुआमा भनेर परिचय नगराइदिनाले धनमायालाई घरमा कामगर्ने आइमाई होला भन्ने ठानेका थिए तिनीहरूले।

खाना खानेबेला भयो। भान्छामा वरिपरि बसेर गफ गर्दै खान थाले। यौटीले भनी कति मीठो कटहरको तरकारी, अर्कीले भनी कोइरालो अचार झन् मीठो, अर्कीले थपी मलाई त मासु नै मीठो लाग्यो। कति मीठो पकाउन जानेकी अन्जुले ? अन्जुले सासुआमातिर देखाउँदै भनी मलाई त केही पनि पकाउन आउँदैन सबै उहाँले

पकाउनुभएको। ढोका छेउमा उभिएकी धनमायाको छाती गर्वले फुल्यो। त्यति नै बेला यौटीले भनी यार अन्जु तँ त साहै भाग्यमानी छेस्, यस्ती पाकी भरपर्दी कामगर्ने मान्छे पाकीछेस्। घरको चिन्तै छैन तँलाई। हेर न, मेरो त यौटी केटी छे काम सिकाउँदैमा ठिक्क। त्यै पनि फुर्सद पायो कि सडकका केटा हेर्न थाल्छे। सबैजना हलल्ल हाँस्दै धनमायातिर हेरे। धनमायाको मुटुमा हजारौ तातो सुइराहरूले घोचेको झैं लाग्यो। टेकेको जमिन भासिन थालेको महशुस गरिन्। त्यहाँबाट बाहिर निस्किएर गाईको गोठमा गएर धरधरी रोइन। गाईले पनि धनमायाको आँसु देखेर आँसु खासालिन्।

बूढो हुँदै गएको धनमायाको शरीरले अब पहिलेको जस्तो काम गर्न नसक्ने भइन्। त्यसमा पनि मन साहै गलेको हुँदा केही गर्न जाँगर लाग्दैनथ्यो। जनक र अन्जुले गोठमा हेर्दैनथे। स्याहार नपुगेर गाईले दूध दिन छोडिन्। केही दिनपछि बिरामी परेर गाई मरिन्। मलको अभावले उव्जनी पनि घट्न थाल्यो। जनकले आमालाई दिनेगरेको पैसा अन्जुले नयाँघर बनाउनुपर्छ भनेर आफ्नो बैंक खातामा जम्मा गर्न लगाइन्। धनमायाको हात खाली हुन थाल्यो। पहिला कमाउने कोही नहुँदा बरु दूध बेच्चेको पैसा खाली हुँदैनथ्यो। अब छोराबुहारी दुवैजना हाकिम भएर सुख पाउने बेलामा जीवनभरी कहिल्यै नपरेको धनको खडेरी पऱ्यो तिनलाई। अब त्यो घरमा बिना पारिश्रमिककी दासीजस्तै हुन पुगिन् धनमाया तैपनि कलेजाको टुक्रा छोरोको मायाले जति दुःख कष्ट पनि सहेर बसेकी थिइन्।

एक दिन अन्जुले घरमा फोहर बढ्यो, लुगा धोइएको हुँदैन भनी करकर गर्न थालिन्। जनकले आमा वृद्ध भइसक्नुभयो कामको लोड बढी भो अब तिमीले पनि सघाउनुपर्छ मात्र भनेका थिए कौशीमा गएर उफ्रिन थालिन्। "के काम बढी भो र ? झन् घटेको छ। गाई

छैन, खेतीपाती अरूले गर्छन। खाली घरधन्दा मात्रै त हो नि त्यति पनि गर्न नसक्ने ? धनमायाले वल्लोपल्लो घरका छिमेकीले झगडा सुन्लान् र बेइज्जत होला भनेर छोरोलाई नबोल्न भनिन्। बुहारीलाई नरम स्वरमा भनिन् 'जिउमा अलि सन्चो नभएर हो, म बिस्तारै सबै काम गरिहल्छु नि ! तिमी चिन्ता नगर। धनमाया कोठाभित्र पसेर पतिको फोटो हेर्दै घुँक्क-घुँक्क रोइन्, धेरै बेरसम्म रोइरहिन्। आँसु बगेर मन केही हलुङ्गो भएपछि फेरि काम गर्न थालिन्। त्यो रातभरि धनमायाको मनमा कुरा खेलिरह्यो पटक्कै निद्रा लागेन।

भोलिपल्ट बिहान झिसमिसेमै उठेर धनमाया पशुपतिनाथको दर्शन गर्न भनी हिडेकी धोवीखोलापुल छेउमा पुग्दा लडेर बेहोस भइन्। छर्लङ्ग उज्यालो भएपछि मात्र मान्छेहरूले देखे र सुकेधारा प्रहरी बिटमा खबर गरिदिए। प्रहरीले धनमायालाई उठाएर भ्यानमा राखेर वीर अस्पतालको इमर्जेन्सी कक्षमा पुऱ्याइदिए। केही बेरको उपचारपछि तिनको होस आयो र प्रहरीले सोधपुछ गर्न थाले। आमाको घर कहाँ हो ?, घरमा को को छन् ?, धनमायाले आँखाबाट बलिन्द्रधारा आँसु वर्षाउँदै भनिन् "मलाई माया गर्ने कोही पनि छैनन् बाबु ! जसले माया गर्छ त्यही मान्छे आफ्नो हुन्छ। जसले माया गर्दैन, आफ्नो भएर पनि पराया हुन पुग्छ। त्यसैले मेरा कोही छैनन्। म नितान्त एक्ली र असहाय भएकी छु बाबु ! मेरो जाने ठाउँ पनि कतै छैन। वृद्ध आमा धरधरी रोएको देखेर प्रहरीलाई पनि माया लाग्यो। "आमा तपाइँ नरूनुहोस तपाइँलाई बस्ने व्यवस्था मिलाउँछौं। कालिमाटीमा एउटा वृद्धाश्रम छ। त्यहाँ तपाइँहरूजस्ता थुप्रै दु:खी आमाहरूले आश्रय पाइरहेका छन्। तपाइँलाई पनि त्यहीं लगिदिन्छौं।" धनमायाले आँसु पुछ्दै उत्सुकतापूर्वक सोधिन् 'कहाँ छ बाबु त्यस्तो ठाउँ ? मलाई पुऱ्याइदेऊ न बा तिमीलाई धरै धर्म

लाग्नेछ ।' प्रहरीले धनमायालाई कालिमाटीस्थित वृद्धावस्था व्यवस्थापन सामाजिक कल्याण गुठी पुऱ्याई सञ्चालिका दिलशोभा श्रेष्ठको जिम्मा लगाए । धनमायाले त्यहाँ आफूजस्तै थुप्रै वृद्धाहरू देखेर खुसी भइन् ।

उता जनकलाई आमा रात परिसक्दा पनि घर नफर्केकोले धेरै पीर पऱ्यो । आफन्तहरूकहाँ फोन गरेर सोधे । कतै पत्ता लागेन, छरछिमेकीकोमा गएर खोजे, भेटेनन् । रातभरी छट्पटिइरहे घरी उठेर बरण्डामा हेर्न जाने, घरी आमाको कोठामा हेर्न जाने गर्न थाले । अन्जुले भनिन् "के घरी-घरी उठिरहेको ? भोलि आइहाल्छिन् नि ती बूढी, काहाँ जालिन् र घरमा नआएर ? सुत्नुस् थपक्क ।" निद्रा नलागे पनि जनक ओछ्यानमा पल्टेर रात कटाए । भोलिपल्ट बिहानै उठेर प्रहरी चौकीमा गएर रिपोर्ट लेखाए । एफ. एम., रेडियोमा वृद्ध आमा हराएको खबर प्रसारण गराए । टि.भी.मा फोटो दिएर आमा हराएको सूचना प्रशारण गराए ।

टि.भी. हेरिरहेकी दिलशोभाले धनमायाको फोटो देखेर चिनिन् घरमा खबर गरिदिइन् । जनकले खबर पाउनासाथ हतार-हतार ट्याक्सी चढेर अन्जुसहित आमालाई फर्काउन कालिमाटी पुगे । आमालाई भेटेर भने "आमा ! तपाईलाई हामी लिन आएका घर जाउँ ।" धनमायाले गहभरी आँसु पार्दै भनिन् "जहाँ बस्यो त्यहीँ घर, जसले माया गर्छ त्यही आफन्त, म काम गर्न नसक्ने बूढी तिमीहरूको घाँडो भएर बस्न चाहन्न, मलाई मेरै हालतमा छोडिदेऊ । तिमीहरूको भलो होस् । सुखी रहु, म सधैँ भगवानसँग प्रर्थना गरिरहन्छु । मेरो आशीर्वाद तिमीहरूलाई । अब मसँग तिमीहरूलाई दिन आशीर्वादबाहेक के नै छ र ? सासुले भनेको कुरा सुनेर अन्जुले पछुतो मान्दै भनिन् "मैले अहङ्कारले हजुरको अपमान गरेँ । आफू पढेलेखेकी शिक्षित हुँ भनेर घमण्ड गरेँ । तपाईलाई अशिक्षित गँवार ठानेँ, तर मलाई

पढाउनमा तपाईले गर्नुभएको त्यागको कदर गरिनँ। देवीजस्ती सासुलाई अपमान गर्ने म पापिनी हुँ। आमा ! तपाई घर हिँड्नुहोस्। त्यो सानो नातिलाई हजुरको न्यानो काखको खाँचो छ।" जनकले पनि भने "हो आमा घर हिड्नुहोस्।" आँखाबाट धरधरी आँसु झार्दै धनमायाले भनिन् "अब मेरो घर होइन बा, त्यो तिमीहरूको घर हो। म डाँडामाथिको घाम भैसकेकी बूढी कति दिन बाँचुला र ? जहाँ बसे पनि कालै पर्खनु त हो नि। मलाई यहीं बस्न देओ।" अन्जुले आमा ! मलाई माफ गरिदिनुहोस् भनेर आँसु खसाल्दै सासुको गोडा ढोग्न लाग्दा धनमायाले आफ्ना गोडा सारिन् र अन्जुलाई छुन दिइनन्। जनक र अन्जुको आमालाई घर फर्काउने प्रयास सफल नभएपछि तिनीहरू घर फर्किए। आमा नभएको घर शून्य शून्य लाग्यो। तीन वर्षको जनकको छोरो नितेशले तोतेबोलीमा "हजुलआमा खोइ ?" भनेर सोधिरह्यो। हजुलआमा जाने भनेर रोयो पनि।

सासु नहुँदा अन्जुलाई घरव्यवहारदेखि अफिससम्मको बोझ पऱ्यो। बच्चालाई खुवाऊ, पियाऊ, सफा गर, स्कूल पठाऊ, बिहान बेलुका खाना पकाऊ बल्ल थाहा पाइन् घरको काम कति हुन्छ भनेरा बच्चा पाए पनि दूध खुवाउनुबाहेक केही गर्नुपर्दैनथ्यो। सबै काम सासुले नै गर्थिन्। तिनलाई केही थाहा थिएन। अब भने अन्जुले बाबुको बिहे देख्न थालिन्। मनमनै सोचिन् मान्छेले अहंङ्कार गर्न नहुने रहेछ। आफ्नो शान, मान, इज्जत, धन स्थिर राख्न अरूको मान सम्मान गर्न सक्नुपर्दोरहेछ। अन्जुले सासुलाई सम्झँदै आँखाबाट आँसु बररर खसालिन् र अहङ्कारले गर्दा दुःखको भुमरिमा परेको महशुस गरिन्।

हाम्रो यात्रा, जेठ/असार अङ्क २०६६



मौनप्रेमी

"वीनाजी ! तपाईको स्वास्थ्यमा क्रमिक सुधार भइरहेको छ। अब यो अस्पतालमा धेरै दिन बस्नुपर्ने छैन। केही दिनपछि नै घर जान पाउनुहुनेछ।" नियमित जाँच गरिसकेपछ मलाई धाप मार्दै एक दिन डा. पाण्डेले भन्नुभयो। उहाँका ती शब्दहरूले मभित्र यौटा खुशीको लहर छायो। ओइलाउन लागेको फूललाई पानीमा राखिदिँदा फूलमा पुनः ताजगी भरिएको मैले आफूलाई महसुस गरेँ।

करीब डेढ वर्ष लामो अस्पताल बसाइले म दिक्क भएकी थिएँ। औषधीहरूको गन्ध, बिरामीहरूको चीत्कार, बेडमा एक्लै बसिरहँदाको पट्यारलाग्दो दिन उफ् ! कहिले यहाँबाट फुत्किन पाइएलाजस्तो भएको थियो।

छन त मसँग थुप्रै कापी, किताब, पत्रपत्रिकाहरू थिए। म तिनीहरूलाई नै साथी मानेर सुख दुःखका कुरा सुनाउने गर्थेँ। घाउ दुख्दा ऐया ऐया भनेर रूँदै तिनीहरूलाई नै सुनाउथेँ। आँखाबाट झरेका बलिन्द्रधारा आँसुलाई कापीमै थाप्थेँ। तिनै आँसु कपीमा सल्बलाएर कविताका हरफ बन्थे। ती हरफहरूले मेरो मन बहलाउने प्रयत्न गर्थेँ। जीवनदेखि निरास हुनबाट बचाउँथे। पीडाले छटपटिइएको बेला धैर्य धारण गर्न सिकाउँथे। सकारात्मक सोच राखी अघि बढ्न प्रेरित गरिरहँन्थे। साह्रै गुनिला थिए तिनीहरू। तीबाहेक अस्पतालभित्र आउने जाने मानिसहरूको घुइँचो भइरहन्थ्यो। मलाई भेट्न भनेर केही साहित्यकारहरू पनि आउने गर्नुहुन्थ्यो, तापनि म आफूलाई नितान्त एक्ली ठान्दथेँ।

डा. पाण्डे सधैँझैँ भोलिपल्ट बिहानी राउण्डमा आउनुभयो। सिस्टरसँग मेरो फाइल मागेर मलाई नजाँची फाइलमा खुरूखुरू लेख्नुभयो। त्यसपछि 'वीनाजी ! ल उठ्नुहोस' भनेर मेरा दुवै हात समाती बेडबाट उठाएर बिस्तारै तल ओराल्नुभयो अनि सिस्टरलाई पर भित्तामा उभिइरहेको स्वयंसेवकलाई सँगै ल्याउन अह्राउनुभयो। सिस्टरसँग मेरो बेड नजिक आएको त्यो स्वयंसेवकलाई मैले छड्के नजरले हेरेँ। ऊ सलक्क परेको अग्लो शिरमा शिरपोश लगाएको लक्का जवान देखिन्थ्यो। उसले मलाई नै हेरेर मुसुमुसु हाँसिरहेको थियो। मैले उसको आँखामा आँखा जुधाएर हेर्न सकिनँ किनभने म गाउँमा जन्मी हुर्की बढेकी २२ वर्षे लज्जालु स्वभावकी युवती थिएँ। हाम्रो पालामा छोरीमान्छेहरू कम बोल्ने, लोग्ने मान्छेसँग धेरै हेलमेल नगर्ने, घरको चौघेराभित्रै रमाउनेलाई राम्रो चरित्र भएको मान्थे।

छोरी चेलीहरूलाई स्कूल पठाएर पढाउने कमै थिए। पढेका केटीहरूले पनि केटालाई चिठी लेख्लान् भनेर अविभावकहरू सर्तक भइरहन्थे। अर्को कुरा सहरियाहरू असल हुँदैनन्। गाउँका चेलीबेटीहरूलाई छलछाम, जालझेल गरेर आफ्नो फन्दामा पार्छन। सहरियाहरूसँग जोगिनुपर्छ भन्नेजस्ता कुराहरू गाउँमै सुनेकी थिएँ। त्यसैले म काठमाडौँमा आएर यो वीर अस्पतलाको फिमेल सर्जिकल वार्ड वेड नं. ५७ मा भर्ना भएर उपचार सुरू गरेदेखि नै यहाँका मानिसहरूसँग खुलेर बोल्न डराउँथेँ। सकेसम्म तिनीहरूदेखि टाढै बस्न रूचाउथेँ।

अब भने मलाई झन् अप्ठ्यारो पऱ्यो। एकातिर बल्लबल्ल ओछ्यान छोडेर बाहिर निस्कने अवसर मिलेको छ। अर्कोतिर त्यो अपरिचितसँग कसरी एक्लै बाहिर जानु ? कतै लगेर छोडिदिने पो हो कि ? म अलपत्रमा पर्छु कि ? त्यो स्वयंसेवकप्रति मैले शङ्का गर्न थालेँ। जाउँ कि नजाउँ ? मनमा कुरा खेलेर दोधारमा परिरहेको

बेला बीनाजी ! भनेर डा. पाण्डेले फेरि बोलाउनुभयो । म त झसङ्ग भएँ ।

डा. पाण्डेले मेरा दुवैहात समातेर त्यो स्वयंसेवकको काँधमा राखिदिँदै भन्नुभयो "बाहिर बगैँचातिर घुमेर आउनुस्" मैले असजिलो मानेर डा. पाण्डेको मुखमा हेरिरहेँ । उहाँले मेरो अनुहारको रेखाहरू बदलिएको देखेर फेरि भन्नुभयो "अप्ठेरो मान्नु पर्दैन, ऊ यही अस्पतालको स्वयंसेवक हो, ढुक्क भएर जानुस् ।"

त्यो स्वयंसेवकले आफ्नो काँधको भर दिएर मेरा हातलाई गलबन्दा बेरेझैँ आफ्नो गलामा बेऱ्यो त्यसपछि बिस्तारै पाइला सार्न थाल्यो । उसको स्पर्शले मेरो शरीरभरी एउटा अनौठो तरङ्ग ल्याइदियो । मुटुको धड्कन छिटोछिटो चल्न थाल्यो । तापक्रम बढेर निधारभरी चिटचिट पसिना आयो, म लाजले भुतुक्कै भएँ । गाला पनि रातो रातो भएथ्यो सायद ।

मेरो मनोदशा बुझेर डा. पाण्डेले लक्ष्मी सिस्टरलाई बाहिर गेटसम्म पुऱ्याइदिन भन्नुभयो । म डराइरहेकी थिएँ । त्यसैले मैले सिस्टरको हात चपक्क समातिरहेँ । हामी लिफ्टमा बसेर तल्लो तलामा ओर्लियौँ । गेटनजिक पुगेपछि सिस्टरले मेरो हात आफ्नो हाटबाट फुत्काएर बिस्तारै जानु ल भनेर वार्डतिर फर्कनुभयो ।

त्यो स्वयंसेवकले बडो जतनका साथ मलाई अस्पताल कम्पाउण्डभित्रको बगैँचामा पुऱ्यायो । त्यहाँ हरियो कार्पेट ओछ्याइएको जस्तो सफा र टमक्क मिलेको दुबोको चउर थियो । छेउछाउमा थरीथरीका गुलाफहरू, रङ्गीबिरङ्गी फूलहरू फुलेर फक्रेका थिए । फक्रेका ती फूलहरूले सुवासना छर्दै हावासँग मस्किरहेका थिए । भमराहरू भुनभुन गर्दै जिस्किरहेका थिए । त्यो देख्दा मैले आफूलाई एउटा छुट्टै संसारमा पुगेको महसुस गरेँ । मनरूपी कल्पनाको समुद्रमा अनेकौँ छालहरू उर्लेर आए । म त्यही छालहरूमा घरि डुब्ने घरि

उत्रने गर्न थालें। मैले एकछिनको लागि आफू बिरामी छु भन्ने कुरा भुसुक्कै बिर्सिन पुगें। आखिर म भित्र पनि त एउटा बैंसालु कुमारी मन थियो। त्यति नै बेला एउटा मौरी उडेर भुनुनुनु गर्दै मेरो हातमा चुम्न आइपुग्यो। म झस्केर यताउति हेर्रें, स्वयंसेवकलाई खोजें, ऊ बगैचाको डिलमा अडेस लाएर मौनतामै मतिर अनेकौं प्रश्नहरू फ्याँकी मलाई नै हेरिरहेको थियो।

वार्डमा फर्कनको लागि म उतिर अघि बढें। उसले यहाँ ल्याउँदा झैं जतनका साथ बिस्तारै पाइला सार्‍यो। बाटोमा मलाई असाध्यै लाज लाग्यो। एउटी जवान युवतीलाई अर्काको काँधको भर लिएर हिंड्नुपर्दा हुनसम्म असजिलो लागेको थियो मलाई। तापनि उसका पाइलासँगै पाइला सार्न विवश थिएँ म। उसले होसियारीपूर्वक बेडमा पुऱ्याइदियो। त्यो दिनभरी मेरो जीउ सिमलको भुवासरी हलुङ्गो भयो। मैले बुबा-आमा साथीभाइ सबैलाई सम्झिन पुगें। अतीतका पानाहरू पल्टाई दिन बिताएँ। राती कविताका हरफहरू कोर्दाकोर्दै कतिबेला निदाउन पुगें पत्तै पाइनँ।

भोलिपल्ट बिहान १० बजे डा. पाण्डे नियमित राउण्डमा आउनुभयो। मैले नमस्कार गरें। उहाँले नमस्कार फर्काउँदै प्रफुल्ल मुद्रामा मलाई सोध्नुभयो "बीनाजी ! हिंजो घुम्न जाँदा रमाइलो भयो ? मैले टाउको हल्लाएर रमाइलो भयो भन्ने शङ्केत गरें। उहाँले मलाई जाँचिसकेर "ल अब दुई महिनाजति नियमित मर्निङवाक जानेगर्नू, छिट्टै निको हुन्छ, अनि घर जानुहोला" भन्नुभयो।

त्यो स्वयंसेवक डा. पाण्डेको नजिकै भित्तानेर उभिएर मतिर हेरिरहेको थियो। डा. पाण्डेले मेरा दुवै हात समातेर बेडबाट उठाई हिजोजस्तै उसको काँधमाथि राखिदिनुभयो। स्वयंसेवकले बिस्तारै पाइला सारेर बगैंचातिर लग्यो। बाटोमा उसँग म बोलिनँ। उसले पनि मसँग केही सोधेन। हामी दुवै मौन रह्यौं।

अस्पतालभित्र आउने जाने मानिसहरू हामी टाँसिएर हिँडेको देखी क्वारक्वारती हेरिरहन्थे, के के सोचेर हो कुन्नि । एकआपसमा कानेखुसी पनि गरिरहेका हुन्थे, त्यो देखि म लाजले भुतुक्कै हुन्थेँ ।

मलाई उसले दिनदिनै बिहान बगैँचामा डुलाउन लैजाने गर्दा मेरो स्वास्थ्यमा सुधार हुँदै गयो । सुरूका दिनमा मैले उसलाई पराई सम्झेर उमाथि शङ्का गर्ने गरेको भए पनि अब उसको भलादमीपन, कर्तव्यपरायण, निस्वार्थ सेवा, शिष्ट व्यवहारदेखि म प्रभावित भएकी थिएँ । त्यसैले जीवनमा यौटा गतिलो साथी भेटेझैँ लाग्न थालेको थियो । दिन प्रतिदिन बिस्तारै म उप्रति आकर्षित हुँदै गएँ । सायद त्यसैलाई भन्छन् क्यारे माया प्रीति ।

दुई महिनापछि डा. पाण्डेले डिस्चार्ज पेपरमा लेख्दै भन्नुभयो "बीनाजी ! तपाई अब घर जान सक्नुहुन्छ । बेलाबेलामा फलोअप जाँच गराउन आउन नबिर्सनुहोला ।" त्यो स्वयंसेवक त्यही नजिकै भित्तातिर उभिएको थियो । मैले डा. पाण्डेका आँखा छलेर उसलाई पुलुक्क हेरेँ । डा. साहेबले थाहा पाइहाल्नुभयो र भन्नुभयो "ल ल बधाइ छ तपाईको भविष्य उज्ज्वल होस्"

त्यो स्वयंसेवक र मेरो बीचमा गहिरिँदै गएको प्रेम सम्बन्धको बारेमा डा. पाण्डेले थाहा पाउनुभयो सायद.....। नपाउनु पनि किन ? उहाँ घरपरिवारदेखि लिएर मेरो हरेक क्रियाकलाप र स्वभावसँग राम्ररी परिचित हुनुहुन्थ्यो । मैले लेखेका कविताहरू राम्रो मानेर अभिरूचिपूर्वक पढ्नुहुन्थ्यो र प्रशंसा गर्नुहुन्थ्यो । बिरामीको मनोभावना बुझेर मात्रै बोल्नुहुन्थ्यो । उहाँ यौटा शालीन व्यक्तित्वका धनी, वीर अस्पतालमा सबैले रूचाइएको हुनुहुन्थ्यो डा. पाण्डे ।

मेरो घर पहाडी जिल्लामा भएकोले घरिघरि काठमाडौँ आउन जान असुविधा हुने काठमाडौँमा कोही नातेदार पनि नभएकोले कसको घरमा बस्ने ? म बडो दुविधामा परेँ । ती कुराहरू कल्लाई भनुँ ? धेरै सोचिसकेपछि झट्ट लक्ष्मी सिस्टरलाई सम्झेँ ।

लक्ष्मी सिस्टर अस्पतालको नर्स भए पनि मेरो शुभचिन्तक हुनुहुन्थ्यो। लामो समयको अस्पताल बसाईले उहाँ र मेरोबीचमा सामीप्यता बढेको थियो। उहाँ शान्त स्वभावको हुनुहुन्थ्यो र बिरामीलाई धेरै माया गर्नुहुन्थ्यो। मलाई इन्जेक्सन लिनुपर्दा उहाँलाई नै पर्खेर बस्थें। हातै शीतल थियो लक्ष्मी सिस्टरको। उहाँले पनि यौटा नर्सले बिरामीलाई गर्नुपर्ने कर्तव्य मात्र नगरी मलाई आफन्त झैं ठान्नुहुन्थ्यो। त्यसैले डेराको समस्या उहाँलाई नै भन्ने आँट गरें।

लक्ष्मी सिस्टरले वीर अस्पतालदेखि आधा माइल पर कमलादीमा आफ्नी दिदीको घरमा मलाई बस्ने कोठा मिलाइदिनुभयो। त्यो स्वयंसेवकले मलाई एक्लै छोडेन, ऊ पनि मसँगै कमलादीमा आयो। मैले मुखले भन्न नसके पनि मनमनै मसँग ऊ आए पनि हुन्थ्योजस्तो लागेको थियो। हामी यौटै कोठामा खुशीसाथ बस्यौं म उसँग जति बोले पनि ऊ सुनिरहन्थ्यो मात्र। जवाफ फर्काउँदैनथ्यो। मैले हेर्दा ऊ मुसुमुसु हाँसिरहेको हुन्थ्यो तर बोल्दैनथ्यो। मलाई उसँग धेरै कुरा गर्न मन लाग्थ्यो तर ऊ मौन रहन्थ्यो। त्यही उसको मौनताभित्र कहिलेकाहीं आफूलाई हराएर बेपत्ता पारिदिउँजस्तो पनि लाग्थ्यो। उसको अँगालोमा बेरिएर तात्तिन मन लाग्थ्यो, प्रेमको रसपान गरेर मात्तिन मन लाग्यो। त्यस कोठाभित्र हामीलाई रोकटोक गर्ने कोही थिएनन्। सिर्फ ऊ थियो र म थिएँ। तर म आफ्नो मान, मर्यादा उल्लङ्घन गर्न सक्तिनथें। पारिवारिक संस्कार इज्जतलाई ध्यानमा राखी सकेसम्म साम्हालिएर सधैं शिष्ट र शालीनताको कित्तामा आफूलाई उभ्याएकी थिएँ मैले।

अस्पतालमा जस्तै कमलादीमा पनि मलाई आफ्नो बलियो काँधको भर दिएर दिनदिनै मर्निङवाक लाने गर्थ्यो त्यो स्वयंसेवकले। आँगालो मारेर टाँसिएर हामी हिँडेको देखी वरपरका छिमेकीहरू

हेरिरहन्थे, आपसमा कुरा गर्थे। बाटोमा हिँडिरहेका मानिसहरूले त झन् हामीलाई फर्की-फर्की हेर्थे। अब म पहिलेकी जस्ती लजालु गाउँले युवती रहिनँ। समय र परिस्थितिले गर्दा शहरी हावाले छोइसकेको थियो मलाई। त्यसमा पनि आफ्नो भविष्यको निर्णय आफै गर्नुपर्ने जिम्मेवारी पनि थपियो ममा। त्यसकारण जल्ले जति कुरा काटे पनि अब म त्यो स्वयंसेवीलाई छोड्ने पक्षमा थिइनँ।

ऊ पनि मलाई निस्वार्थ प्रेम गर्थ्यो। म जोसँग बोलुँ, इर्ष्या गर्दैनथ्यो। जहाँ जान्छु भने पनि खुरूखुरू पुऱ्याइदिन्थ्यो। म जति गनगन गरे पनि झर्को मान्दैनथ्यो। ऊ मसँग कहिल्यै रिसाउँदैनथ्यो। मेरो सेवामा समर्पित थियो। अरूको कुरा सुनेर उसलाई छोड्नु भनेको 'आफ्नो खुट्टामा आफैंले बन्चरो हान्नु' हो भन्ने मैले बुझेकी थिएँ। त्यसैले जल्ले जे भनुन् मैले परवाह गरिनँ र उसको साथ छोडिनँ। जीवनका केही क्षणहरू त्यसरी नै बितिरहे।

मेरो मौनप्रेमीको धेरै राम्रा राम्रा गुणहरू थिए। मलाई औधी माया गर्ने। मेरो अतितलाई नकोट्याउने, मेरो चित्त दुख्ने कुरा कहिल्यै नगर्ने। तर उसको यौटा स्वभावदेखि म अचम्मित थिएँ। त्यो के भने ऊ र म बाटोमा हिँडिरहेको बेला कोही बाल, बृद्ध, रोगी, माग्ने, असहाय, अपाङ्ग देख्यो भने पाइलै सार्न नदिने। तिनीहरूको मैले सोधिखोजी गर्नुपर्ने। रूपैयाँ, पैसा, समय जे चाहिएको छ दिएर मद्दत गर्नुपर्ने। कहिले त मसँग ब्यागमा पैसा हुँदैनथ्यो, कहिले हतारमा उनीहरूसँग बोल्ने फुर्सद हुँदैनथ्यो, त्यतिबेला म अप्ठेरोमा पर्थें। के भनुँ ? उसको कुरा नमान्नु पनि कसरी ? उसले मेरो लागि सर्वस्व सुम्पेको छ। मैले आफ्नो मनलाई आफैले सोध्थें "ती गरीब, दुःखी, माग्ने, बाल, वृद्ध, रोगी, अपाङ्ग, असहाय उसैका आफन्त हुन्

कि क्या हो ?" फेरि मैले मलाई नै भन्थें "घत् उप्रति शङ्का गर्ने बानी अझै छोड्न सकिएन ?"

उसको जस्तो सेवाभाव सबैमा भइदिए आज यो समाजमा लडाई, झगडा, मारकाट हुँने नै थिएन। आपसी सद्भावले समाज सुन्दर ब्रन्ने थियो। कोही दुःखी रहने थिएनन्। सबैलाई आनन्दै आनन्द हुने थियो।

समयको अन्तरालसँगै आज म हजुरआमा भइसकेकी छु। मेरो विवाहलाई लिएर उसले कुनै विरोध गरेन। बरू ऊ खुशी नै भयो। प्रेम र विवाह अलग अलग कुरा हुन् भन्ने मान्यता राख्ने मलाई जोसँग प्रेम गरेको छ उसैसँग विवाह गर्नुपर्छ भन्ने लाग्दैन। जे होस् प्रेम र विवाहको परिभाषा र तुलनामा म अल्झिरहन चाहिँन। त्यो काम विज्ञहरूलाई नै छोडिदिएर म मेरो नयाँ जीवनको सुरूवात गर्नतर्फ अग्रसर भएँ।

मेरो श्रीमान्ले उसको र मेरो घनिष्टता देखेर पनि मलाई स्वीकार्नुभयो। मेरो चरित्रमाथि कहिल्यै प्रश्न उठाउनुभएन। त्यो उहाँको भद्रता थियो। ममाथि पूर्ण विश्वास गर्नुभयो। त्यो उहाँको स्वच्छता थियो। अहिले मेरो घर परिवार, इष्टमित्र, नाताकुटुम्ब सबै हुनुहुन्छ, तापनि मेरो पाइला पाइलामा उही मेरो मौनप्रेमीले साथ दिइरहेको छ। उसको प्रेरणाबाट अभिप्रेरित भएर हाल म एउटा एन.जी.ओ. मार्फत् समाजसेवामा लागि परेकी छु। मलाई अरूभन्दा बढी ऊप्रति नै बढी भरोसा लाग्छ। ऊ हो मलाई सधैँ काँधमा बोकी हिँड्ने मेरो वैशाखी; "मेरो मौनप्रेमी।"

आखिर तिनैले जितिन् !

यौटा सेतो चिल्लो कारमा चढेर राङ्खोला बजारमा आइपुगेका डा. नैना र तिनका श्रीमान् डा. सनमलाई देखेर सबैजनाको ध्यान तिनीहरूतिर खिचियो। कारबाट बाहिर निस्केर दुईहात जोडेर अभिवादन गर्दै डा. जोडी दयाराम पण्डितको घरभित्र पसे। छोरीज्वाइँ आएको देखेर नैनाका बुबाआमा हर्षले गदगद् हुनुभयो। डा. नैना र डा. सनमलाई देख्नेहरूले प्रशंसा गर्दै भन्न थाले- "सन्तान हुनु त त्यस्तो पो।" कसैले भने "दयाराम पण्डितले बेलैमा बुद्धि पुऱ्याएर छोरीलाई पढाउनाले आज यो सन्तोषको दिन देख्न पाए।"

स्याङ्जा जिल्लाको राङ्खोला बजारभरि नैनाको प्रशंसाका कुराहरू घरघरमा गरिए। नैना सबैका लागि उदाहरणीय बनिन्। चिया खाएर बुबाआमासँग कुरा गरिसकेपछि यसो करिन डाँडाको सुन्तलाघारी र रानीदहमा माछा हेर्न जान्छौं भनेर तिनीहरू घरबाट बाहिर निस्किए। त्यति नै बेला एउटी दुब्ली पातली मैला लुगा लाएकी आइमाई आउँदै गरेको डा. नैनाले देखिन्। चिनेचिनेजस्तो लागेर हेरिरहिन्। ती महिलाले पनि नैनालाई चिनेचिनेजस्तो लाग्यो र हेरिन्। केहीबेरको हेराहेरपछि डा. नैनाले ए ! तिमी मैना होइनौ ? भनेर सोधिन् मैनाले सङ्कोच मान्दै हो भनिन्। डा. नैनाले आफ्नी बालसखी मैनालाई अँगालो मार्न पुगिन्, तर मैनाले अलि असजिलो मानिन्। किनभने उनका लुगा मैला थिए भने कपाल पनि कोरिएको

थिएन। त्यसैले सफासुग्घरी सलसलाउँदी नैनाले आफूलाई अँगालो मार्दा अप्ठेरो लाग्यो मैनालाई।

धेरै वर्षपछि आफ्नी बालसखी मैनालाई भेट्न पाउँदा डा. नैनालाई एकतर्फ खुसी लागेको थियो भने अर्कोतर्फ खिन्नता। डा. नैनाले मैना तिमीलाई के भयो ? यो आफ्नो के हाल बनाएकी भनेर सोधिन्। मैनाका आँखाबाट बरर आँसु झरे। तिमीलाई म भरे भेट्छु अहिले आमालाई जाउलो ख्वाउने बेला भयो, जान्छु है। डा. नैनाले मैना गएको हेरिरहिन्। तर मनले मानेन र तिनको पछिपछि गइन्। मैनाको घरमा पुग्दा त्यहाँ हृदयविदारक दृश्यहरू देखिन्। त्यहाँ पिँढीमाथि गुन्द्रीमा पल्टिएर आमाले ऐया-ऐया भनिरहनुभएको थियो। ओढ्ने ओछ्याउने थोत्रा, पुराना र मैला थिए। घर पनि जीर्ण देखिन्थ्यो। डा. नैनाले आमा नमस्ते म मैनाकी साथी नैना। तिनको परिचयात्मक स्वर सुनेर आमाले भाग्यमानी भए बा कहिले आयौ ? भनेर सोध्नुभयो। नैनाले आजै आइपुगेकी एक घण्टाजति भयो। तपाईलाई कस्तो छ आमा ? मैनाकी आमाले गहभरी आँसु पार्दै भन्नुभयो "काल पर्खेकी छु बा, खै मर्न पनि सकिनँ। पापिनीलाई कालले पनि नलाने रहेछन्।" आमाका निराशापूर्ण कुराहरू सुनेर डा. नैनाले भनिन्- "त्यसो नभन्नुस् आमा तपाईले के पाप गर्नुभएको छ र त्यसो भन्नुभएको ? मैले मैनाको पढाइ छुटाएर ठूलो पाप गरेकी छु। बालख छोरीलाई उमेर नपुग्दै लाहुरेसँग विवाह गरिदिएर अपराध गरेकी छु। त्यसैले आज त्यही पापको फल भोग्दैछु बा।"

डा. नैनाले भनिन्- "आमा बितेको कुरामा किन पछुतो गर्ने ? त्यतिबेला तपाईलाई त्यही उचित लाग्यो गर्नुभयो। छोराछोरीको कुभलो कुन बाबुआमाले सोच्छ र ? सबैले सन्तानको राम्रै होस् भन्ने चाहन्छन्। हैन र आमा ? मैनाकी आमाले फेरि भन्नुभयो- "बेलामा

बुद्धि नपुऱ्याउँदा मैले त दुःख पाएँ पाएँ छोरी मैनालेसमेत कष्टकर जीवन बिताउनुपऱ्यो। इण्डियाको पल्टनको लाहुरे, प्रशस्त धन कमाएर ल्याउँछ र छोरीलाई सुखसित पाल्छ भन्ने सोचाइले लाहुरे ज्वाइँ रोजें। कार्गिलको लडाइँमा उहाँको पल्टनलाई युद्ध गर्न पठाइयो। लडाइँमा ज्वाइँ मारिनुभएपछि हामीलाई दशाले घेऱ्यो। ज्वाइँको चिन्तैचिन्ताले मैनाको बुबाले मानसिक सन्तुलन गुमाउनुभयो। कत्ति उपचार गराएँ, अस्पताल धाएँ। राँचीसम्म पनि पुऱ्याएँ, धन पनि सकियो उहाँ पनि जानुभयो। पसल घर बेचेर यो झुप्रो किनें। त्यही पनि छाउन नसक्दा वर्षाको पानि चुहिन्छ। छोरो भागेर मुगलान पस्यो कहाँ छ के छ ? अत्तोपत्तो छैन। यही छोरी मैनाले ज्याला गरेर मलाई पालेकी छ। यो बिजोग हेरेर बाँच्नुभन्दा मर्न पाए पनि हुन्थ्यो भन्दै मैनाकी आमा क्वाँ क्वाँ रूनुभयो। डा. नैनाको कोमल हातका औलाहरूले आमाको आँसु पुछिदिँदै भनिन्– "आमा नरूनुहोस्, अब म आएँ, सकेको मद्दत म गर्नेछु।" मैनाकी आमाले पुराना कुराहरू सम्झिँदै फेरि भन्नुभयो– "छोरीलाई पढाए उत्ताउली हुन्छन्, केटालाई चिठी लेख्छन्, पोइल गएर बाबुआमाको इज्जत फाल्छन् भन्ने घारणा पालेकी मैले तिम्री आमालाई पनि धेरैपटक भनें नैनालाई स्कूल पढ्न नपठाऊ ३ कक्षा पढेपछि पुगिहाल्यो नि। मैले मैनाको पढाइ छुटाएर लाहुरेसँग विवाह गरिदिएँ। तिमीले पनि यौटा लाहुरे खोजेर नैनाको बिहा गरिदेऊ तर तिनले पटक्कै मानिनन्। तिमीलाई स्कूल पठाइरहिन्। पछि तिमी काठमाडौं पढ्न जाने बेलामा पनि तिम्री आमालाई तरूनी, बरूनी छोरी एक्लै एक्लै सहर नपठाऊ भनेर सल्लाह दिन गएँ। उल्टै तिम्री आमाले छोरीले पढ्न सकुन्जेल पढाउने हो भनेर जवाफ दिइन्। त्यतिबेला तिम्री आमाको बुद्धि भुटिएछ भन्थें र आफूलाई सबैभन्दा बढी जान्ने सुन्ने ठान्थें। झ्याँइ

झ्याँइ पञ्चेबाजा बजाएर आफ्नी छोरी लाहुरेसँग बिहा गरिदिँदा मेरी छोरीजस्ती सुखी को पो होला र ? भन्ने सोच्थेँ र मनमनै घमण्ड गर्थेँ। काठमाडौँबाट पनि तिमी अमेरिका डाक्टर पढ्न जाने रे भनेको सुनेर त झन् म तिम्रो बुबालाई समेत छोरीलाई जथाभावी जहाँ मन लाग्यो एक्लै नपठाउन भन्न गएँ। तिम्री आमा रिसाइन् पनि मसँग र भनिन्, तपाइँ किन हाम्रो खोइरो खन्दैहुनुहुन्छ ? हाम्री छोरीलाई जहाँ पढ्न पठाउँ तपाईले टाउको किन दुखाउनुहुन्छ ? मैले पनि भनेको मानेको छैनौ भोलिपर्सी छोरी कुइरेसँग पोइल गएर तिमीहरूको नाक काटिदिन्छे, अनि थाहा पाउला भनेर घर आएँ। गाउँभरि तिम्रै कुरा काटिरहँ तर आज तिमीले पढेर डाक्टर भई बाबुआमाको नाक झन् ठाडो पारिदियौ। राङ्खोला बजारकै इज्जत बढाइदियौ। छोरीले पनि अवसर पाए छोरासरह अगाडि बढ्न सक्छन् भन्ने उदाहरण बन्यौ। तिम्री आमाले छोरीलाई पढाएर "आखिर तिनैले जितिन्" मैले हारेँ मैनाकी आमाले पश्चाताप गर्दै भन्नुभयो। "आज म भीरबाट पछारिएको गोरुझैँ निरीह बन्न पुगेकी छु।"

मैनाकी आमाको मुखबाट पहिले आफ्नो हित विपरीतका क्रियाकलाप गरिएका कुराहरू भए पनि साँचोसाँचो बोल्नुभएको हुँदा उहाँप्रति डा. नैनाको झन् श्रद्धा बढेर आयो। बालसखी मैनाप्रति झन् प्रेमभावना उर्लेर आयो। म एकछिनपछि फेरि आउँछु है आमा भनेर डा. नैना त्यहाँबाट गइन्।

करिङ्डाँडातिर घुम्न जान भनी तयार भएकी डा. नैना धरैबेरसम्म नआउँदा डा. सनम र नैनाको बुबाले तिनकै बाटो हेरिरहनुभएको थियो। डा. नैना आइपुगेपछि तिमी कहाँ हराएकी थियौ ? डा. सनमले सोधे। डा. नैनाले डा. सनमलाई एकछिन

आफूसँगै मैनाको घरमा जान अनुरोध गरिन् । दुवैजना गएर आमालाई जाँचे, सामान्य उपचारबाट निको नहुने ठहर भयो । त्यसैले काठमाडौंको अस्पतालमा लैजाने निर्णय गरेर फर्किए ।

डा. नैनाले आमा र मैनालाई अफूसँगै काठमाडौं ल्याइन् । सबैभन्दा पहिले आमालाई अस्पताल भर्ना गरेर उपचार गरियो । औषधीको प्रभावले छिट्टै निको भएर तङ्ग्रिनुभयो । त्यसपछि एक दिन नैनालाई भन्नुभयो- "नानी तिमीले हाम्रो ठूलो उपकार गऱ्यौ, तिम्रो गुन कहिल्यै बिर्सने छैन ।" डा. नैनाले भनिन्- "आमा यो कुनै उपकार होइन, मेरो कर्तव्य हो ।" नानी ! राङ्खोलामा हामीलाई माया गर्ने कोही छैनन् । बल, उमेर छँदा मैले कसैको लागि हित हुने काम गर्न सकिनँ । सबैको कुरा काटँ, त्यसैले कुरौटे बूढी भनेर हेला गर्छन् । धन पनि छैन, ऋणैऋणमा डुबेकी छु त्यहाँ गएर के गर्नु र, यतै यौटा फुटपाथे पसल थापेर बस्छु । मैनालाई कतै जागिरमा अलझाइदेऊ बा ! तिमीलाई धेरै धर्म लाग्नेछ ।" डा. नैनाले चाबहिलको मेडिकेयर अस्पतालमा मैनाको शैक्षिक योग्यताअनुसारको काम मिलाइदिइन् । आमालाई आवश्यक रकम सहयोग गरेर फुटपाथे पसल राखिदिइन् । एउटै गाउँ ठाउँमा जन्मिएर, एउटै थलोमा खेलेर हुर्केर, एउटै स्कूलमा पढेका साथीहरू पनि आज यौटीले डाक्टर भई बिरामी जाँच्ने काम गर्छिन् भने अर्कीले त्यही अस्पतालमा भुइँ पुछ्ने, कुचो कसिङ्गर लाउने काम गरिरहेकी छन् । धोबीखोला पुलमाथि एउटा छेउमा फुटपाथे पसल थापेकी मैनाकी आमाले आफ्नो गल्ती भविष्यमा कुनै अभिभावकले नगरून् भनी एउटा टिनको प्लेटमा "छोराछोरी बराबरी, छोरीलाई पनि पढाऔं छोरासरी" भन्ने शब्दहरू लेखाएर आफ्नो पसल अगाडि राख्ने गर्नुभएको छ । त्यो देखेर कसैले सोधे भने डा. नैना र आफ्नी छोरी मैनाको उदाहरण

दिनुहुन्छ। आमा भन्नुहुन्छ- "यौटै कोखबाट जन्मिएका सन्तानलाई छोराछोरी भनेर भेदभाव गर्ने बाबुआमा पापी हुन्। छोरीलाई नपढाउनेहरू अपराधी हुन्। तिनीहरूले मैलेजस्तै पापको सजायको भागीदार हुनुपर्छ। त्यसैले यो लेख्न लगाएर राखेकी हुँ।" मैनाकी आमाले फुटपाथबाट भए पनि जनचेतना जगाउने काम गरिरहनुभएको देखेर डा. नैना र डा. सनम खुसीले दङ्ग परेका छन्।

नारीस्वर, चैत्र २०६६

व्यक्तिगत विवरण

नाम : श्रीमती गंगा पौडेल
जन्म मिति : २०११ भदौ २०
माता : स्व. कृष्णदेवी कर्माचार्य
पिता : स्व. पूर्णलाल कर्माचार्य
पतिको नाम : वरिष्ठ कलाकार हेम पौडेल
जन्म स्थान : दार्सिङ दशथुम गा.वि.स. स्याङ्जा
शिक्षा : निमावि, दहथुम मावि पूर्णामृत भवानी स्याङ्जा,
स्नातक पृथ्वीनारायण क्याम्पस, पोखरा
स्थायी ठेगाना : कपन मा.वि.स-३, शिवपुरी चोक, काठमाडौं
हाल : शान्ति बालिका छात्रावास मण्डीखाटार, काठमाडौं

कृतिहरु

- गंगाका केही छालहरु (कविता सङ्ग्रह २०३३)
- आँधीखोलाको सम्झना (कविता सङ्ग्रह २०६३)
- ओज र डाँफे (बालकाव्य २०६४, दो.स. २०६६)
- धौली आमा (बालकाव्य २०६५)
- पञ्चवली (बाल उपन्यास २०६६)
- THE TRICKY MUCKEY (बाल कथासङ्ग्रह २०६६)
- चारआँठे चुल्हो (कथासङ्ग्रह २०६७)

सेवा तथा संलग्नता

- आजीवन सदस्य
- ज्योति साहित्य प्रतिष्ठान
- नागार्जुन साहित्य प्रतिष्ठान
- आत्मा साधना आश्रम मोकणं
- सञ्जिवनी सेवा संघ स्वयंसेवीको कार्यालय वीर अस्पताल
- आँधीखोला साहित्य सदन वालिङ्ग, स्याङ्जा
- भानु मासिक काठमाडौं
- नारी स्वर काठमाडौं
- नेपाल कुष्ठरोग निवारण संघ महाराजगञ्ज
- संरक्षक वनिता त्रैमासिक
- गुञ्जन

कार्यकारिणी सदस्य

- तपस्थली वृद्धाश्रम चपली काठकाडौं
- वैदिक उद्बोधन संघ चाबहिल

अक्षय कोष

- श्री पूर्णलाल, कृष्णदेवी कर्माचार्य स्मृति अक्षय कोष २०४५ दहथुम मावि स्याङ्जामा स्थापना ।
- हेमगंगा युवा कला प्रतिभा पुरस्कार २०६५ नेपाल कमर्सियल आर्टिस्ट संघ, बागबजार
- हेमगंगा अपाङ्ग प्रतिभा पुरस्कार २०६६ (अपाङ्ग सहायता कोष, भकुटीमण्डपमा स्थापना)

पुरस्कार तथा सम्मान

- प्रथम पुरस्कार (स्वर्णपदक) अन्तर्राष्ट्रिय नारी वर्ष १९७५, पी.एन. क्याम्पस पोखरा
- कदर-पत्र २०६५ नागार्जुन साहित्यिक प्रतिष्ठान
- वनिता सेवा सम्मान २०६५ वनिता त्रैमासिक
- प्रसंसा-पत्र २०६५ नेपाल विकलाङ्ग समाज सेवा काठमाडौं
- अपाङ्ग प्रतिभा पुरस्कार २०६५ समाज कल्याण परिषद्
- सुवर्णश्री साहित्य सेवा पदक २०६६ देवपतन काठमाडौं

सम्पर्क फोन

- ४३७१९३४, मो ९८४१५४४०६१